नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ कात्तिक ०३ गते बुधवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 October 20 Wednesday ❖ मूल्य ५/-❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५८

## बुधवारदेखि पेट्रोल आपूर्ति सहज हुने

प्रस, वीरगंज, २ कात्तिक/

पर्सा, बारासँगै प्रदेश २ मा बुधवारदेखि पेट्रोल आपूर्ति सहज हुने बताइएको छ। नेपाल आयल निगमका अधिकारीका अनुसार भोलिदेखि पेट्रोल सहजरूपमा पाइने दाबी गरे ।


पर्साको ग्रामीण क्षेत्रको एउटा पेट्रोल पम्प । तस्वीरः फाइल/प्रतीक

नेपाल आयल निगम वीरगंजका प्रमुख पवन यादवले भने, "चार दिन भन्सार, बैंक तथा अन्य कागजी प्रक्रिया हुन सकेन, जसले गर्दा करीब सात दिनदेखि पेट्रोल आएको छैन," उनले भने, "दैनिक १५ गाडी पेट्रोल पर्सा र बारामा खपत हुन्छ, तर माग अनुसार आपूर्ति नभएपछि अभाव देखिएको हो ।"

पेट्रोल पम्पमा पेट्रोल नपाउँदा उपभोक्ताहरू समस्यामा परिरहेका छन्। अतिआवश्यक एम्बुलेन्सले पनि नेपालमा पेट्रोल नपाउँदा भारतीय सीमावर्ती बजारमा गई इन्धन भरिरहेका छन्। गत तीन दिनदेखि अभाव खड्किएको हो, एक थोपा पनि पेट्रोल छैन, केही एम्बुलेन्स, मोटरसाइकल, कार भारतबाट पेट्रोल भरेर आइरहेको प्रमुख यादवले स्पष्ट पारे । अहिले बरौनीबाट पेट्रोल ल्याएर अमलेखगंज डिपोमा भण्डारण गरेपछि पर्सा, बारा क्षेत्रका पम्पहरूले पाउने हुन् ।

प्रमुख यादवले मङ्गलवार ८० वटा टयाङ्कर पेट्रोल भर्न बरौनी गएको र भोलि अपराह्नदेखि अवस्था सामान्य बन्दै जाने बताए ।

"पहिलेको स्टकबाट अमलेखगंज डिपोले पहाडी जिल्ला र काठमाडौं उपत्यकाका पेट्रोल पम्पलाई पेट्रोल दिएको थियो, मङ्गलवार रातिसम्म करीब डेढ लाख लिटर पेट्रोल आउनेछ," उनले भने । लामो बिदा भएर कागजी प्रक्रिया पूरा नहुँदा पेट्रोल ल्याउन नसकिएको उनको जिकिर थियो ।

आगामी दिनमा यस्तो समस्या सिर्जना हुन नदिन सरकारले पहिलेदेखि पेट्रोलको पर्याप्त भण्डारण गरी वितरण गर्नुपर्ने उनको सुझाव छ ।

## ठेक्का लगाइएका दुईवटा खोलाको रकम हिनामिना

प्रस, वीरगंज, २ कात्तिक/

सिंघाही खोला । तस्वीरः प्रतीक


पर्सागढी नगरपालिकाले आव २०७५/७६ मा ठेक्का लगाएका दुईवटा खोलाको ठेक्का रकममा हिनामिना भएको समाचार छ।

आव २०७६/७७ मा महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको बेरुजू प्रतिवेदनमा दुईवटा खोलाको ठेक्काबापत नपाको खातामा जम्मा हुनुपर्ने रकममध्ये रु २९ लाख ७९ हजार ८२५ अहिलेसम्म जम्मा नभएकोले ठेकेदारसँग असुल्न भनेको छ।

सो नगरपालिकाभित्र पर्ने कर्जनिया र सिंघाही खोलाको ठेक्का अङ्कित कन्स्ट्रक्शन भिखमपुरले सकार गरेको थियो। कन्ट्रक्शन सञ्चालक सुरेश कुर्मीले आफूले ठेक्का सकारको सबै रकम बुझाइसकेको बताए । प्रतिवेदनले ठेकेदारसँग रकम असुल गर्नुपर्ने भन्दै आएको छ भने ठेकेदारले सबै रकम बुझाएको जनाएपछि रकम हिनामिना गरिएको पुष्टि भएको छ।

यस विषयमा पर्सागढी नगरपालिकाका प्रमुख लोकनारायण यादवसँग बुझ्दा ठेक्का रकममध्ये आधा रकम ठेकेदारले नदिएपछि सोही समय उनको बैंक ग्यारेन्टी रोक्का गरेको बताए। ठेकेदार कुर्मीलाई बाँकी रकम बुझाउन तरताकेदा गर्दा पनि निजले बेवास्ता गरेपछि बैंक ग्यारेन्टी नपाले रोक्का गरेको नगरप्रमुख यादवले बताए। केही महीनाभित्र नपाले असुल गर्नुपर्ने रकम बैंकले दिने नगरप्रमुख यादवको भनाइ छ।

समाचार स्रोतका अनुसार ठेकेदारले ठेक्का सकार गरेपछि कम्तीमा तीन किस्तामा रकम बुझाउनुपर्ने हुन्छ। तर कर्मचारीहरूको मिलेमतो ठेकेदार कुर्मीले रकम नबुझाएको स्रोतले बताएको छ । ठेक्काको आधा रकम अहिलेसम्म नबुझाउनुमा कर्मचारी दोषी रहेको स्रोतको भनाइ छ।

ठेकेदारसँग सोही बेला मिलेमतो गरी कर्मचारी तथा केही जनप्रतिनिधिले मिनहा दिने तयारी गरिरहेको बेला समाचार बाहिरिएपछि ठेकेदार पक्षले रकम नबुझाएको स्रोतको दाबी छ।

## छोटकरी

### करेन्ट लागेर मृत्यु

राजेश केशरीवाल, रक्सौल, २ कात्तिक/

बिहार रक्सौलको सिसवा पञ्चायतमा करेन्ट लागेर एकजनाको मृत्यु भएको छ भने अर्का एकजना घाइते भएका छन्।

सोमवार बिहान खेतमा काम गरी घर फर्कने क्रममा पन्नालाल रायको करेन्ट लागेर घटनास्थलमैं मृत्यु भएको थियो भने उनीसँगै रहेका अशोक राय गम्भीर घाइते भएका छन्।

गाउँमैं सञ्चालित कुखुरा फार्मको पछाडि स्याललाई रोक्न लगाइएको नाङ्गो तारको चपेट उनीहरू आएको स्थानीयले बताए।

मृतक पन्नालाल रायको शव शल्यपरीक्षणका लागि मोतिहारी पठाइएको छ भने घाइते अशोकको उपचार रक्सौलस्थित अस्पताल भइरहेको रक्सौल थानाका प्रभारी इन्स्पेक्टर शशीभूषण ठाकुरले बताए।

चाडपर्वको बेला सवारीसाधनमा भीडभाड नगरौं, मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सहकारीले मल किनेर पहाडतिर बेचेको आरोप

प्रस, परवानीपुर, २ कात्तिक/

पर्सा, सोलखपुरमा रहेको सोलखपुर सहकारीले किसानको लागि भनेर खरीद गरेको रासायनिक मल पहाडी जिल्लामा बेच्ने गरेको आरोप लागेको छ । सोलखपुर आसपासका किसानहरूले यो आरोप लगाएका हुन् । वीरगंज-३० बेल्वाका एक किसानले सहकारीले आफूहरूलाई मल नदिएको र पहाडी जिल्लाको हेटौंडा र चितवनका पसलेसँग फर्जी कागजात खडा गरी मल बिक्री वितरण गरिरहेको गुनासो गरेका छन्। गत आव र चालू आवको धानखेतीको बेलामा ल्याइएको मल अन्यत्रका व्यापारीलाई बेच्ने गरेको किसानहरूको आरोप छ।


तस्वीरः फाइल

यता, सोलखपुर सहकारी संस्थाका प्रबन्धक हेमनारायण चौधरीले किसानहरूको गुनासो र आरोप निराधार रहेको बताए । उनले गत आव २०७७/७८ मा करीब १४ सय बोरा मल खरीद गरेकामा यहींका किसानलाई बिक्री वितरण गरेको दाबी गरे। उनले ८८२ बोरा युरिया, ३४० बोरा डिएपी र ७५ बोरा पोटास खरीद गरी बिक्री वितरण गरिएको बताए । उनले गत असारदेखि नै मलको माग अत्यधिक रहेको र चालू आवको पछिल्लो तीन महीनामा पूँजीको अभाव भएकोले माग अनुसारको मल खरीद गर्न नसक्दा किसानलाई समस्या भएकोले यस्तो आरोप लगाइरहेको हुन सक्ने बताए । उनका अनुसार प्रतिबोरामा ५० रुपियाँ ढुवानी र ५० रुपियाँ सेवा शुल्क गरी सय रुपियाँ थपेर युरिया ८ सय, डिएपी २३ सय र पोटास साढे १६ सयमा बेच्ने गरेको बताए।

सहकारी संस्थाले प्रत्येक हप्ता वडा कार्यालय र कृषि ज्ञान केन्द्रको सिफारिशमा कृषि सामग्री कम्पनी लिमिटेड तथा साल्ट ट्रेडिङको मल खरीद बिलको रकम बैंकमा रकम दाखिला गरी बैंक भौचर पेश गरेपछि मल पाउने गरेको छ।

## वीरगंजमा फोहोरबाट मोहोर बनेन

राधेश्याम पटेल, परवानीपुर, २ कात्तिक/

वीरगंजमा डेढ वर्षदेखि फोहोरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आएको छ। फोहोरबाट मोहोर बनाउने उद्देश्यका साथ करीब ५५ करोड रुपैयाँको लागतमा फोहोरमैला व्यवस्थापन केन्द्र स्थापना गरिएको थियो । तर फोहोरबाट अहिलेसम्म मोहोर बन्न सकेको छैन।

वीरगंजको सरसफाइको ठेक्का पाएको पृथ्वी तारा कन्स्ट्रक्शन चितवनका प्रतिनिधि शिवजी गुप्ताका अनुसार विभिन्न कारणले फोहोरबाट मोहोर बनाउन नसकिएको हो । करीब पाँच वर्ष लगाएर बाराको विश्रामपुरमा वीरगंज महानगरले खरीद गरेको २० बिघा जग्गामा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण सम्पन्न गरिएको हो । एसियाली विकास बैंक, वीरगंज महानगर, महानगर विकास कोषको संयुक्त लगानीमा करीब ५५ करोडको बजेटमा चिनियाँ कम्पनी जेडआइसीले उक्त फोहोरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा ल्याएको थियो।

आजभन्दा डेढ वर्ष पहिले वीरगंजका प्रमुख विजयकुमार सरारवगीले उक्त केन्द्र उद्घाटन गर्दा फोहोरबाट मोहोर बनाउन उक्त केन्द्र सही साबित गर्न वीरगंज महानगर अघि बढेको उद्घोष गरेका थिए । तर फोहोरबाट मोहोर बनाउन अन्य तयारी पूरा नगरेकै कारण उक्त घोषणाले साकार रूप पाउन सकेको छैन ।

वीरगंजको फोहोर सङ्कलन गरी कुहिने र नकुहिने वस्तु अलग-अलग पारी रिसाइकल हुने वस्तु बेचेर फोहोरबाट मोहोर बनाउने फोहोरमैला व्यवस्थापन केन्द्रको लक्ष्य थियो ।

### फोहोरबाट मोहोर नबन्नुका कारण

वीरगंजको वडा नं १ देखि १६ सम्म अहिले फोहोर दैनिकरूपमा सङ्कलन हुन्छ । वीरगंज महानगरका ३२ वटामध्ये १७ देखि ३२ सम्मको वडा ग्रामीण भेगमा पर्दछन् । सो क्षेत्रमा त्यति फोहोर सङ्कलन हुँदैन । ग्रामीण भेगका वडामा दुईजनाका दरले सफाइकर्मी नियुक्त गरिएको छ । ती वडामा मासिकरूपमा एकपटक फोहोर उठाउने ट्याक्टर वा टिपर जाने गरेको छ । तर १ देखि १६ सम्म दैनिक ४० ट्याक्टर फोहोर सङ्कलन हुन्छ ।

दशैं तथा चाडपर्वमा दैनिक ८० ट्याक्टर फोहोर सङ्कलन हुन्छ । वीरगंजबाट दैनिक ५० देखि ६० टन फोहोर सङ्कलन हुने गरेकामा रिसाइकल हुने फोहोरमा फलामजन्य सामान, प्लास्टिक, टिन, कार्टुन, सीसा र कुहिनेमा खाद्यान्न र फलफूल तथा तरकारीका बोक्रा विशेषगरी भेटिन्छन् । तर दैनिक फोहोरबाट रिसाइकल हुने वस्तु फलामका कबाड, टिन, प्लास्टिकका बोतल, सीसी, कार्टुनहरू सडक बालबालिकाले सङ्कलन गरी लैजाने गरेकाले महानगरको ठेकेदारले खासै रकम आउने सामान भेटाउने नगरेकाले फोहोरबाट मोहोर बन्न नसकेको हो ।

प्लास्टिकका सामान किलोको ४० देखि ९० रुपैयाँमा बिक्री हुन्छ भने फलामजन्य कबाडका सामान किलोको ५० रुपैयाँ, टिन ३५, कार्टुन २५, सीसी रु ५ मा बिक्री हुँदा सडक बालबालिकाहरूले राति र बिहानको समयमा फोहोरबाट मोहोर उठाएर लैजाने गरेका छन् । *(बाँकी अन्तिम पातामा)*

## शिलबन्दी कोटेशनसम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मिति २०७८/०७/०३*

नेपाल नेत्रज्योति सङ्घ गौर आँखा अस्पताल अन्तर्गत सञ्चालित आँखा उपचार केन्द्रको भवन निर्माण गर्न कन्सल्टेन्ट इन्जिनीयरको छनोट गर्नुपर्ने भएको हुनाले नेपाल सरकारबाट मान्यताप्राप्त कन्सल्टेन्सीबाट सूचना प्रकाशित भएको मितिले सात दिनभित्र शिलबन्दी कोटेशन माग गरिएको छ ।

**शिलबन्दी कोटेशन खोलिने मितिः** दरखास्त फाराम बुझाउने अन्तिम दिनको भोलिपल्ट दिउँसो २:०० बजे । यदि सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट ।

**पुनश्चः** अन्य आवश्यक जानकारीका लागि गौर आँखा अस्पतालमा सम्पर्क राख्नुहुनसमेत अनुरोध गरिन्छ ।

**कोटेशन बुझिलिने स्थानः** **गौर आँखा अस्पताल**
**गौर नपा-८, पुरेनवा, रौतहट, नेपाल**
**फोन नं. ०५५-५२००३९**

## फ्लैट भाडामा

भर्खरै बनेको नयाँ फ्लैट
पारिवारिक बसोबासको लागि
भाडामा उपलब्ध छ ।
**सम्पर्कः**
९८५११३६९०६, ९८४५०२१४५९

## विचारसार र सूक्तिहरू

आशा एउटा यस्तो ऊर्जा हो, जसबाट जिन्दगीको जस्तै पनि अँध्यारोलाई उज्यालो पार्न सकिन्छ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# बाली बीमा गरौं

कृषकलाई जोखिमै जोखिम छ। बाली लगाउने बेला मल, बीउ नपाएर समय घट्कने डर। उपयुक्त समयमा बाली लगाउन नसके उक्त बालीको उत्पादनमा ह्रास आउँछ। बाली लगाएपछि सुक्खा, खडेरी परेमा वा आवश्यक मात्रामा सिंचाइ नपाए बाली फस्टाउन नसक्ने हुँदा उत्पादनमा कमी आउँछ। सबै पक्ष सहज भयो र बाली फस्टाएको छ भने पनि बाली काट्ने बेलामा असिना, आँधीबेहरीको जोखिम। यी सारा जोखिमको सामना गर्दै बाली भित्र्याएपछि मात्रै कृषकको जीत हुन्छ। कृषि कर्मविना संसार चल्न सक्दैन। मानिस जिउनका लागि अन्न चाहिन्छ, त्यो अन्न फलाउन कृषि कर्म गर्नु अपरिहार्य छ। हुनत कृषि कर्म गरेबापत वा अन्न बिक्री गरेबापत कृषकले नगद आर्जन गर्छ। तर त्यो नगद उसको श्रम र पसिनाको मूल्य अनुसार हुँदैन। हाम्रो मुलुकमा एक बिघा जमीन खरीद गरेर कृषि कर्म गर्ने किसान र सोही पूँजी बराबर लगानी गरेर अन्य व्यवसाय गर्ने व्यवसायीको आम्दानीमा आकाश–पातालको फरक पर्छ। त्यसैगरी, कृषि मजदूर र औद्योगिक मजदूरको जीवनस्तर पनि फरक छ। कृषकले श्रम तथा कृषि उत्पादनको सही मूल्य पाइरहेको छैन भन्ने यो स्पष्ट उदाहरण हो।

एकातर्फ कृषि उत्पादनको उचित मूल्य नपाउनु अर्कोतर्फ विभिन्न जोखिमको सामना गरिरहनुपर्ने अवस्थाले गर्दा कृषकहरू आफ्नो पेशाबाट पलायन हुने क्रम बढ्दो छ। जसको कारण कृषियोग्य भूमि बाँझै रहन थालेका छन्। परिणामस्वरूप आज मुलुकका लागि हरेक कृषि उत्पादन बाहिरबाट आयात हुन थालेको छ। हिजो चामल निर्यात गर्ने मुलुक नेपाल, आज चामल आयात गरिरहेको छ। चामल मात्रै होइन, यो देशको हिमालदेखि तराईसम्म लटरम्म फल्ने तरकारी फर्सी, प्रशस्त उत्पादन हुन सक्ने बोइलर कुखुराको मासु र गाईभैंसीको दूधमा समेत हामी परनिर्भर भइसकेका छौं। मुलुकको कुल गार्हस्थ उत्पादनको ३० प्रतिशतभन्दा बढी भर गरेको कृषि क्षेत्र यसरी ओरालो लाग्ने हो भने स्वदेशी कृषिमा आधारित स्वरोजगार शून्यमा झर्छ। जसले ठूलो सङ्ख्यामा बेरोजगारी निम्त्याउने, गरीबी बढाउने हुँदा मुलुक टाट पल्टने खतरा हुन्छ।

सानो कमजोरीको असर भयावह हुन सक्छ। त्यो नहोस् भन्नका लागि समयमा नै ध्यान जानु आवश्यक छ। हाम्रो मुलुक कृषिप्रधान हो। परम्परागत कृषि प्रणालीलाई सुधार गर्दै जोखिम न्यूनीकरण र कृषि फसलको उचित मूल्य निर्धारण गर्ने जाँगर चलायौं भने भोलिको सम्भावित ठूलो दुर्घटना टर्न सक्छ। कृषकलाई सबैभन्दा पिरोलेको कृषि जोखिम न्यूनीकरणका लागि बाली बीमा कार्यक्रम लागू छ तर कृषकलाई थाहा छैन। दोष केन्द्र सरकारको मात्रै होइन। घरदैलाको स्थानीय सरकार र अधिकार मात्रै खोजिरहने प्रदेश सरकारको पनि हो। मुलुकमा बाली तथा पशुपक्षी बीमा लागू भएको आठ वर्ष बितिसक्यो। बीमा गरिएको अवस्थामा आगलागी, बाढी, डुबान, भूकम्प, खडेरी, पहिरो/भूस्खलन, असिना, आँधीबेहरी, हिउँ वा तुषारो, रोग तथा कीराबाट हुने हानिनोक्सानी तथा जोखिममा बीमा कम्पनीले जोखिम वरण गर्ने गर्दछ। बीमा रकमको पाँच प्रतिशत मात्रै बीमा शुल्क लाग्छ। त्यसमा पनि ७५ प्रतिशत सरकारले बेहोरिदिने व्यवस्था छ। बीमा भइदिएको भए आज वर्षाले धानबाली नासिंदा पर्सेली किसान चिन्तित हुनुपर्ने थिएन। यसबारेमा जानकारी र पहल गर्ने दायित्वबाट जिम्मेवार पक्ष चुकिरहेको छ।

# प्रस्तावित विज्ञान शहर: सहकार्य, सचेतना र सम्भावना

मन्तव्य



**डा सुनीलबाबू श्रेष्ठ**
उपकुलपति (नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, नास्ट)

**विज्ञान शहरले विज्ञानमा आधारित अर्थतन्त्रको विकास हुने र विज्ञान संस्कृतिलाई बढावा दिने सम्भावना हुँदा सहभागितामूलक सहकार्यमार्फत विज्ञान शहर निर्माणमा अब सुरुआती कदम चाल्नेतर्फ सम्बद्ध सबैले मनन गर्न ढिलो नगरौं।**

**पृष्ठभूमि**

सन् २०१९ नोभेम्बरमा भारत सरकार, विज्ञान तथा प्रविधि विभागको विशेष आमन्त्रणमा कोलकातामा आयोजित अन्तर्राष्ट्रिय विज्ञान फिल्म महोत्सवमा भाग लिने अवसर प्राप्त भयो। यसै सन्दर्भमा कोलकातास्थित विज्ञान शहर (साइन्स सिटी) अवलोकन गर्ने मौका पनि मिल्यो। उक्त विज्ञान शहरको स्थापना सन् १९९७ जुलाईका दिन भएको रहेछ। विज्ञानका विविध पक्षाहरूलाई प्रभावकारीरूपमा जानकारीमूलक प्रदर्शनी गरी वैज्ञानिक सिद्धान्तको सहज बुझाइ र मनोरञ्जनात्मक ढङ्गबाट विज्ञान विषयमा अभिरुचि गराउने महत्त्वपूर्ण स्थलको रूपमा यस शहरलाई पाएँ। कोलकाता जाने विदेशी नागरिक होस् या अन्य ठाउँबाट आएका भारतीय नागरिक होस् यो एक आकर्षक स्थलको रूपमा स्थापित भएको मलाई छोटो भ्रमणमा नै महसूस भएको थियो।

कोलकाता निवासीहरू विशेषगरी विद्यार्थी र विज्ञानमा अभिरुचि राख्नेका लागि त यो बिदा मनाउने आकर्षक स्थल नै रहेछ। यहाँ विज्ञानका विविध विधाहरू वनस्पतिशास्त्र, जीवशास्त्र, भौतिकशास्त्रलाई बुझ्न सक्ने प्रत्यक्ष अनुभूति गर्ने महत्त्वपूर्ण स्थलहरू थिए। बगैंचादेखि ब्रह्माण्ड र खनिजदेखि खगोलसम्बन्धी जानकारी दिने अवलोकन कक्षहरू पाइन्थ्यो। हूलका हूल विद्यार्थीहरू उत्सुकतापूर्वक विज्ञानका प्रयोग गरी आनन्दित अनुभव लिइरहेका भेटिन्थ्ये। आधारभूत विज्ञानका सिद्धान्तहरू केही खुल्ला आकाशमुनि र केही यसभित्रका विभिन्न कक्षहरूबाट आगन्तुकहरूका जिज्ञासा मेटाइरहेका थिए। वैज्ञानिक ज्ञानमा आधारित प्रविधि विकासहरू म्युजिकल फाउन्टेन, ग्राभिटी कोस्टर, क्याटरपिलर साइड, रोड ट्रेन, केबुलकार, मोनोरेलको साहसिक अनुभूति त कतै नौलो अनुभूति दिने वातावरण त्यस स्थलले प्रदान गरिरहेको थियो। मिरर जादु, टाइम मेशिन, वनस्पति विज्ञान, जीव विज्ञान, भौतिक विज्ञान, अक्वारियमसम्बन्धी जानकारीमूलक प्रदर्शनीदेखि भव्य थिएटर, विज्ञान अन्वेषण हल, मिनी अडिटोरियम, पृथ्वी अन्वेषण हल र सेमिनार हलहरूसमेत विज्ञान शहरभित्र अवस्थित थिए। यस्तो लाग्थ्यो यस स्थलले गर्दा कोलकाताको छुट्टै पहिचान बन्न गएको छ र विज्ञानमा आधारित अर्थतन्त्रलाई टेवा प्रदान गरिरहेको छ।

यस्तै, जापानको इवाराकी प्रान्तको चुकुबामा पनि एक विज्ञान शहर रहेको छ। यसलाई चुकुबा एकेडेमी सिटी पनि भनिन्छ। यो जापानको राजधानी शहर टोकियोबाट करीब ५६ किमी उत्तरपूर्वमा पर्दछ। योजनाबद्धरूपमा विज्ञान प्रविधिको विकास गर्न राष्ट्रिय अनुसन्धान तथा शैक्षिक संस्थाहरू रहेको २८५ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको र वरिपरि खेतीयोग्य जमीनले घेरिएको यस विज्ञान शहरको आफ्नो छुट्टै पहिचान रहेको छ। जापान एरोस्पेस एक्सप्लोरेशन एजेन्सी (जाक्सा)को चुकुबा स्पेस सेन्टर यहाँ नै रहेको छ। सन् २०१९ मा अन्तरिक्षमा नेपालको पहिलो सेटेलाइट नेपाली स्याट–१ प्रक्षेपण गर्दाको विशेष समारोहमा भाग लिएको र नेशनल इन्स्टिच्युट अफ मेटेरियल साइन्समा तत्कालीन शिक्षा विज्ञान तथा प्रविधि मन्त्रीको साथमा त्यस संस्थाका उच्च पदस्थ अधिकारीहरूबीच भएको विज्ञान वार्ता पनि यसै विज्ञान शहरमा भएको अनुभूति विशेष प्रकारको छ। चुकुबा स्पेस सेन्टरमा अन्तर्राष्ट्रियस्तरमा स्पेससम्बन्धी भएका विकासको त्यसमा पनि जापानको स्पेससम्बन्धी चरणबद्ध विकासको श्रव्यदृश्यका साथै विकास गरिएका रकेटका मोडेलहरूसमेत अवलोकन गर्ने अवसर प्राप्त भएको थियो। म सुन्छु यस शहरको विकास र विस्तार टोकियो शहरको भीडलाई कम गर्ने हेतुले राष्ट्रिय अनुसन्धान र शैक्षिक संस्थाहरूलाई योजनाबद्धरूपमा विकास गरिएको थियो रे। हाल आएर यस शहरले अन्तर्राष्ट्रियस्तरको शहरको दर्जा पाउन पनि सफल भइसकेको छ। जापानको सार्वजनिक अनुसन्धान र विकास बजेटको अंश लगभग आधा चुकुबा साइन्स सिटी भागमा पर्दछ भनिन्छ। लगानी अनुसार नै वैज्ञानिक अनुसन्धानकर्ताहरूद्वारा महत्त्वपूर्ण सफलताहरू पनि प्राप्त गरेका छन्। सार्वजनिक अनुसन्धानका विषयहरूमा सार्वजनिक निजी साझेदारीको अवधारणा पनि अवलम्बन गरिएको छ। प्रसिद्ध चुकुबा युनिभर्सिटीसमेत रहेको यस शहरमा ३० भन्दा बढी राष्ट्रिय अनुसन्धान संस्था र २०० भन्दा बढी निजी अनुसन्धान संस्था शहरको हिस्सामा रहेको छ। करीब दुई लाख बासिन्दा भएको यस शहरमा भनिन्छ १० जनामध्ये एकजना अनुसन्धानकर्ता वा शैक्षिक क्षेत्रमा संलग्न व्यक्तिहरू हुनुहुन्छ रे।

एसियाका मुलुकमा मात्र होइन, पश्चिमी मुलुकहरूमा पनि विज्ञान पार्कहरू र शहरहरूले त्यत्तिकै महत्त्व पाएका छन्। बेलायतमा विज्ञान पार्कहरू प्रशस्तै छन्। क्याम्ब्रिज साइन्स पार्क बेलायतको सबैभन्दा पुरानो विज्ञान पार्क हो। यसको स्थापना सन् १९७० मा नै भएको थियो। यसभित्र १०५ वटा कम्पनी समावेश भएका छन्। चिकित्सा क्षेत्रको अस्ट्राजेनिका, टेलिकममा हुवावे, फिलिप्स जस्ता प्रसिद्ध कम्पनीहरूको कार्य क्षेत्रहरू यसै पार्कभित्र रहेका छन्। यस्तै, बेलायतकै अक्सफोर्ड विज्ञान पार्कदेखि स्वीडेनको स्टकहोमस्थित किस्टा साइन्स सिटी युरोपको सबैभन्दा ठूलो आइसिटी क्लस्टर हो र यो विश्वकै दोस्रो ठूलो मानिन्छ। यस्तै, सन् २०१९ मा नै निजी भ्रमणको सिलसिलामा बेङ्गलुरुस्थित जवाहरलाल नेहरू तारामण्डल (प्लानेटोरियम) अवलोकन गर्ने अवसर मिल्यो। यस तारामण्डल सन् १९८९ मा बङ्गलोर सिटी कर्पोरेशन (हाल बेङ्गलुरु महानगरपालिका)ले स्थापना गरेको रहेछ। सन् १९९२ मा तारामण्डलको व्यवस्थापनको जिम्मेवारी एक स्वायत्त निकाय एशोसिएशन फर साइन्स एजुकेशन (BASE) ले प्राप्त गरी सञ्चालनमा ल्याएको रहेछ। यस तारामण्डलमा सबै स्तरमा अनौपचारिक विज्ञान शिक्षाको लागि विज्ञान केन्द्रसमेत स्थापना गरी सेवा पनि दिंदै आएको छ। यसको हाताभित्र विज्ञानबारे जानकारी दिने वृत्तचित्र प्रदर्शनी गर्ने कक्ष, मनोरञ्जनसहित विज्ञान प्रविधिसम्बन्धी शिक्षा र जानकारीमूलक स्थल विज्ञान पार्क व्यवस्थितरूपमा सञ्चालनमा रहेको छ। पुस्तक बिक्री स्थलबाट विज्ञान प्रविधिसम्बन्धी पुस्तक एवं रोचक शैक्षिक सामग्रीहरू खरीद गर्न सकिन्छ। विज्ञान केन्द्रले विज्ञान प्रविधिका विविध पक्षका अनुभव लिंदै सिक्ने, बुझ्ने, अनुभव र अनुभूति लिने अवसरहरू प्रदान गरिएको छ। यसबाट विद्यार्थीहरू निकै लाभप्रद हुने देखिन्छ। ताराबारे जानकारी दिने मासिक कार्यक्रम, विद्यालयको विज्ञान शिक्षाको प्रयोगात्मक क्रियाकलाप अभ्यास गर्दै आफैंले वैज्ञानिक ज्ञानको अनुभूति गर्ने अवसर हुने र विज्ञान प्रविधिसम्बन्धी वृत्तचित्रहरू पनि समयतालिका मिलाइ प्रदर्शनी गर्ने व्यवस्था मिलाइएको छ। विज्ञानका प्रयोगात्मक प्रदर्शनीमा बालबालिकाहरू संलग्न भई विज्ञान सिकाइ गर्ने अवसर पनि पाइने हुँदा यसबाट बालबालिका र विद्यार्थीहरूमा विज्ञानलाई अनुभूति गर्ने र अभिरुचि वृद्धि गर्न धेरै मदत मिल्ने देखिन्छ। समय–समयमा विज्ञान शिक्षक र विद्यार्थीहरूलाई विशेष प्रकारका कक्षाहरू पनि सञ्चालन हुने गर्दछ। यसभित्रको एउटा नौलो अनुभूति म आफैंले प्राप्त गर्दा मलाई आफ्नो शरीरको तौल सौर्यमण्डलका अन्य ग्रहहरूमा कति कति हुँदो रहेछ भन्ने जानकारी भयो। शुल्क तिरी श्रव्यको माध्यमबाट बोर्डमा आफ्नो तौल विभिन्न ग्रहमा देखिने र तौलको स्लीप प्राप्त गर्न सक्ने रहेछ, जुन जानकारीमूलक अनुभूति दिने खालको लाग्यो।

यस्ता विज्ञान केन्द्र, विज्ञान पार्क र विज्ञान शहरको लोकप्रियता बढ्दो भएको पाइन्छ। हालसालै मात्र भारतको आसामस्थित गुवाहाटीको बाहिरी भागमा २५० बिघा क्षेत्रफल ओगटेको विज्ञान शहर निर्माण गर्ने कामको शिलान्यास त्यहाँको मुख्यमन्त्रीबाट भयो। यस शहर निर्माणको लागि केन्द्रीय सरकारदेखि प्रान्तीय सरकारले सहयोग पुर्‍याउँदैछ। यसको लागि जम्मा १८४ करोड भारतीय रुपैयाँ खर्च हुने अनुमान भएको र जसमध्ये प्रमुख भवनमा मात्रै ११० करोड खर्च हुने अनुमान छ। २१औं शताब्दी विज्ञान र प्रविधिको युग भएकोले नयाँ पुस्ताका युवायुवतीहरूलाई विज्ञानप्रति अभिरुचि वृद्धि गर्ने उद्देश्यका साथ यो विज्ञान शहर निर्माण हुन लागिएको भनिन्छ।

तसर्थ विज्ञान र प्रविधियुक्त संरचनाले भरिपूर्ण भई ज्ञान संस्कृति मौलाएको, खोज, अन्वेषण र जिज्ञासाको स्वतन्त्र क्षितिजयुक्त वातावरण भएको विज्ञानमा आधारित अर्थतन्त्रको विकासको लागि समेत टेवा दिने संरचना र व्यवस्था भएको पहिचानयुक्त विशेष क्षेत्रलाई विज्ञान शहर भन्न सकिन्छ। यसलाई कहींकहीं विज्ञान पार्कको रूपमा पनि हेरिन्छ। विज्ञान पार्कलाई अनुसन्धान पार्क, टेक्नोलोजी पार्क, नवीनता केन्द्र, विज्ञान केन्द्र वा विज्ञान, प्रविधि र नवप्रवर्तन पार्कको रूपमा पनि बुझ्ने गरिन्छ। जेहोस्, यस्ता पार्क वा क्षेत्रहरूमा विज्ञान प्रविधिका प्रयोगशाला, अनुसन्धान केन्द्र, सूचना केन्द्र, प्रदर्शनी केन्द्र, विज्ञान प्रविधिसम्बन्धी अभिरुचि र मनोरञ्जन दिने आकर्षक क्षेत्रहरू रहेका हुन्छन्। विज्ञान पार्कहरू विद्यार्थी, अनुसन्धानकर्मी, विज्ञानमा आधारित उद्यमी, व्यवसाय र स्टार्टअपसँग सम्बन्धितका लागि त झन् आकर्षणको केन्द्र हो। सर्वसाधारणको लागि पनि वैज्ञानिक प्राविधिक ज्ञान, सेवा र मनोरञ्जन दिलाउने लोकप्रिय थलोको रूपमा यस प्रकारका स्थलहरूको विकास गर्न जोड दिन थालिएको छ।

यसै परिप्रेक्ष्यमा नेपालमा पनि विज्ञान शहर वा पार्कको आवश्यकता भएको देखिन्छ। विज्ञान प्रविधिको क्षेत्रमा कार्यरत र शहरी विकास योजनाकारको रूपमा विज्ञान प्रविधि क्षेत्रमा एक विशिष्टीकृत शहर निर्माणको लागि पहल गर्नुपर्ने मलाई पनि महसूस भयो। तर सयौं शहरहरू योजनाबद्ध विकास हुने क्रममा ठूलो लगानी आवश्यकता भएको र आवश्यकता अनुसार लगानी नहुन सकिरहेको सन्दर्भमा कम खर्च वा लगानी गरी विज्ञान शहर निर्माण गर्ने अवधारणा विकास गर्नुपर्नेतर्फ जरुरी देखिन्छ। विज्ञान प्रविधि क्षेत्रमा राष्ट्रको नै उच्चतम निकाय नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) अवस्थित, ललितपुर सातदोबाटो र यसका वरपर क्षेत्रहरू जहाँ यस्तै धेरै विज्ञान प्रविधिसँग सम्बन्धित संस्थाहरू पनि अवस्थित भएकाले यस क्षेत्रलाई विज्ञान शहरको रूपमा विकास गर्न सकिन्छ भन्ने अठोटका साथ नास्टले विज्ञान शहरको निम्न बुँदागतरूपमा आधारित भई विज्ञान

(बाँकी पाँचौं पातामा)



कोलकातास्थित विज्ञान शहरभित्र रहेको अन्तरिक्षसम्बन्धी अवलोकन कक्ष र विज्ञान शहर परिसरमा सञ्चालित केबल कार। तस्वीर: लेखक

### सच्याइएको

२०७८ कात्तिक २ गते मङ्गलवार यस दैनिकको दोस्रो पातामा प्रकाशित मन्तव्य **'चिनियाँ ऋणभित्रको निहितार्थ'** लेखको लेखक **श्रीमन्नारायण** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।– सं.

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन: ९८४५११९४८

# देशका अधिकांश भूभागमा वर्षा जारी

काठमाडौं, २ कात्तिक/रासस

बङ्गालको खाडी र मध्य भारतमा रहेको (उत्तरतिर सर्दै गरेको) न्यून चापीय भएकाले नेपालमा अझै केही दिन प्रभाव रहने मौसमविद् मञ्जु बसीले बताइन्।

काठमाडौं उपत्यकामा बदली रहनुका प्रदेश र सुदूरपश्चिम प्रदेशका धेरै स्थानका साथै वाग्मती प्रदेश र गण्डकी प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङसहित



**महाकालीको बाढीले क्षति पुऱ्याएको सडक :** लगातारको वर्षापछि महाकाली नदीमा आएको बाढीले कञ्चनपुरको भीमदत्त नगरपालिका–१२ ओदालीस्थित निमार्णाधीन चार लेनको पुलसँगै बनेको ६ लेनको सडकमा पुऱ्याएको क्षति। बाढीले कालोपत्रे गरिएको सडक बगाउनुका साथै तटीय क्षेत्रमा जोखिम बढेको छ। तस्वीरः रासस

प्रणाली तथा पश्चिमी वायु प्रणालीको संयुक्त प्रभावले नेपालमा वर्षा गराएको छ।

उक्त मौसमी प्रणालीको प्रभावले हाल देशको अधिकांश भूभागमा सामान्य बदली रही देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। प्रदेश नं १ र सुदूरपश्चिमका थोरै स्थानमा भारी वर्षासमेत भएको छ। पाकिस्तान, भारत हुँदै नेपाल प्रवेश गरेको पश्चिमी वायु अहिले नेपालको पूर्वी भागतर्फ सरिरहेको छ। यो वायु सुस्त गतिमा अघि बढ्ने साथै हल्का वर्षासमेत भइरहेको छ। उपत्यकाको आकाशमा बिहानैदेखि कुहिरो लागेको छ। देशको पश्चिमी भेगमा भारी वर्षा भएको छ। महाशाखाको पछिल्लो विवरणमा दिपायलमा १६६, डडेलधुरामा १५५, घोराहीमा १३३, भैरहवामा ११२, धनगढीमा ९० र पोखरामा ५६ मिलिमिटर वर्षा भएको छ।

आगामी तीन दिनको मौसम पूर्वानुमान बुलेटिन अनुसार आज दिउँसो देशभर सामान्यदेखि पूर्णबदली रहनेछ। प्रदेश नं १, प्रदेश नं २ लुम्बिनी, कर्णाली हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। देशका उच्च पहाडी तथा हिमाली भेगमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको छ।

साथै सुदूरपश्चिम प्रदेश र प्रदेश नं १ का केही स्थान र प्रदेश नं २, लुम्बिनी र कर्णाली प्रदेशका एक/दुई स्थानमा भारी वर्षा भएको छ। रातिको समयमा पनि प्रदेश नं १ र लुम्बिनी प्रदेशका थोरै स्थान, वाग्मती प्रदेश, गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

# उद्धार र राहतमा जुट्न प्रधानमन्त्रीको निर्देशन

काठमाडौं, २ कात्तिक/रासस

प्रधानमन्त्री शेरबहादुर देउवाले मुलुकका विभिन्न क्षेत्रमा भारी वर्षापछि आएको बाढीपहिरो र डुबानबाट प्रभावित भएकाको तत्काल उद्धार र राहतको व्यवस्था मिलाउन निर्देशन दिएका छन्।

मङ्गलवार बिहान प्रधानमन्त्री देउवाले गृहमन्त्री बालकृष्ण खाँडलाई सो निर्देशन दिएका हुन्। त्यसपछि गृहमन्त्री खाँडले विपद्को जोखिम कम गर्न र विपद्जन्य घटनाबाट मानिसको जीउज्यानको सुरक्षा गर्न मातहतका निकायलाई निर्देशन दिएका छन्। उनले उद्धार तथा राहत कार्यमा कुनै कमी हुन नदिई काम गर्न सबै सुरक्षा निकाय र स्थानीय प्रशासनलाई निर्देशन दिएका छन्। गृहमन्त्रीको निर्देशनसहित राहत तथा उद्धार कार्यका लागि मन्त्रालयबाट पूर्ण सहयोग रहने आश्वासन आएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख अनिल पोखरेलले जानकारी दिए।

सुरक्षा निकाय र प्रभावित जिल्लाका सम्बद्ध स्थानीय प्रशासनहरू विपद् व्यवस्थापन कार्यमा जुटेका छन्। विभिन्न जिल्लामा मानिसहरू फसेको क्षेत्रबाट हेलिकप्टरमार्फत उद्धारको अनुरोध आएको र सोही माग अनुसार आवश्यक प्रक्रिया अघि बढाइएको प्राधिकरणका प्रमुख पोखरेलले जानकारी दिए।

उनका अनुसार यही असोज ३१ गतेदेखि मुलुकभर मौसम बदली भई नेपालको पश्चिम क्षेत्र बढी प्रभावित बनाएको छ। सेती, महाकाली, कर्णाली, पश्चिम राप्तीलगायत ठूला र तिनका सहायक नदीमा बाढी आएको छ।



विपद्का कारण डडेल्धुरा र कालीकोटमा एक/एकजनाको मृत्यु र एक/एकजना घाइते भएका छन्। कञ्चनपुरको भीमदत्त नगरपालिकामा २०० घर डुबानमा परेका छन्। सोही क्षेत्रका बासिन्दाको उद्धार प्रयास जारी रहेको स्थानीय प्रशासनले जनाएको छ।

महाकालीको बहाव उच्च रहेको र



कञ्चनपुरको भीमदत्त नगरपालिका–९ मसेट्टीमा महाकाली नदीमा आएको बाढीमा फसेका स्थानीयको हेलिकप्टर मार्फत उद्दार गर्दै नेपाली सेना। तस्वीरः रासस

आसपासका क्षेत्रका जोखिम बस्तीका मानिसलाई सुरक्षित ठाउँमा सारिएको प्राधिकरणका प्रमुख पोखरेलले बताए। बझाङको एक गाउँपालिकाको प्रहरी कार्यालय नै डुबानमा परेको र प्रहरी सुरक्षित ठाउँमा सरेको जनाइएको छ।

कर्णालीको बहाव बढेपछि बर्दियाका केही तटीय क्षेत्रका मानिस प्रभावित भएका छन्। प्राप्त विवरण अनुसार बेनी–मुस्ताङ, डोटीको भीमदत्त राजमार्ग, अछामको चौखुट्टे–अछाम–बाजुरा सडकखण्ड, बझाङको जयपृथ्वी राजमार्ग, बाजुराको मार्तडी–कोल्टी र साँफे–मार्तडी सडक बाढी पहिराका कारण अवरुद्ध भएको गृह मन्त्रालयले जनाएको छ। भोलिसम्म नै वर्षाको सम्भावना रहेकाले सुरक्षित भएर बस्न मन्त्रालयले स्थानीय नागरिकमा अनुरोध गरेको छ। विभिन्न क्षेत्रमा काटेर राखेको धान नै वर्षा र बाढीले डुबाएको छ। भित्रिने बेलाको धानमा क्षति पुगेपछि किसान नराम्ररी प्रभावित भएका छन्।

# लगातारको वर्षाले सर्लाहीका धानबालीमा क्षति

सर्लाही, २ कात्तिक/रासस

आइतवारदेखि लगातारको वर्षाका



दाङमा आइतवार रातिदेखि परेको अविरल वर्षाका कारण पाकेको धानबालीमा ठूलो क्षति पुगेको छ। वर्षाका कारण किसानले काटेर राखेको धान पानीले बगाउन थालेपछि स्याहार्दै शान्तिनगर गाउँपालिका–३ देवीपुरका किसान। तस्वीरः रासस

कारण पाक्नै लागेको धानबालीमा क्षति भएपछि यहाँका किसान चिन्तित छन्। यस वर्ष जिल्लामा ४४ हजार हेक्टर क्षेत्रफलमा धानखेती भएको छ।

लगातारको पानीले धानबालीमा क्षति पुगेको कृषि ज्ञान केन्द्रका प्रमुख कमलदेवप्रसाद कुशवाहाले जानकारी दिए। उनले भने, "काटेका र काट्न बाँकी रहेका धानबालीलाई पानीले क्षति पुऱ्याएको छ।" जिल्लाका किसानले धान रोप्ने समयमा पनि मलखाद नपाएर सास्ती बेहोरेका थिए। किसान जसोतसो पाकेको बाली भित्र्याउने समयमा पानीले धानमा नोक्सान गरेपछि थप मारमा परेका छन्।

"काटेको धान पानीमा डुब्यो भने दुई/तीन दिनमा टुसा उम्रिन्छ र खान नमिल्ने हुन्छ। अन्य आम्दानीको स्रोत छैन। धानखेतीले गुजारा चलेको थियो। पानीले सबै चौपट गरायो," हरिवन नगरपालिका–२ का किसान रामपुकार महतोले गुनासो गरे। जिल्लामा यस वर्ष एक लाख ७६ हजार मेट्रिक टन धान फल्ने अनुमान गरिएको थियो। गत वर्षभन्दा यस वर्ष करीब १० प्रतिशत बढी धान फल्ने अनुमान केन्द्रले गरेको थियो।

लगातारको वर्षाले केही प्रतिशत उत्पादन घट्न सक्ने आङ्कलन गरिएको केन्द्रका प्रमुख कुशवाहाले बताए।

पानीले खेतमा पाकेको धान बटुल्नै नमिल्ने गरी भिजेको छ। धेरै ठाउँमा किसानले धान काटेको दुई दिनमा खेतमा पानी भरिएको छ। धेरै किसानले पाकेको धान काट्न नपाएर खेतमैं झर्ने अवस्थामा पुगेको हरिवन–५ का उमेश महतोले गुनासो गरे।

लगातारको वर्षाका कारण पूर्व–पश्चिम लोकमार्गका अधिकांश कल्भर्टमा पानीको बहाव बढेको र यसबाट सवारीसाधन आवतजावतमा समस्या भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।



बाराको ग्रामीण भेगमा साइकलमा घुमाएर बालबालिकाको लागि मिठाइ बेच्दै युवक। उनी यो मिठाइ बेच्ने पेशामा करीब १० वर्षदेखि छन्। तस्वीरः तिवारी यादव

# कता हराए "बसाइँ नसर्ने" भँगेरो ?

गलेश्वर, २ कात्तिक/रासस

जङ्गलको सुरक्षित बासस्थान छोडेर मानिसको वरिपरि रमाउने भँगेरो चरा हराउँदै जान थालेपछि वातावरणको परिस्थितीय प्रणालीप्रति अनेकौं प्रश्न उत्पन्न हुन थालेका छन्।

एक दशकअघिसम्म गाउँघरमा बाक्लै देखिने भँगेरो आजकल देख्नै मुस्किल हुन थालेको छ। "१०/१२ वर्षअगाडिसम्म हाम्रो आँगनमा सुकाएको बिस्कुन खान प्रशस्त भँगेरो आउँथे। हामीले त्यो धानको बिस्कुन सुकाएको ठाउँमा लामो नर्कटले भँगेरो धपाउने गर्थ्यौं तर आज एक मुठी चामल छरिदिंदा पनि त्यो खाइसक्ने भँगेरो छैनन्," बेनी नगरपालिका–२ का ८५ वर्षीय वेदप्रसाद उपाध्यायले भने।

वैज्ञानिकहरूको भनाइ अनुसार भँगेरो बसाइँ नसर्ने चरा हो। आफ्नो बासस्थानबाट साढे दुई किमी वरिपरि मात्र घुमफिर गर्न रुचाउने यो चरा लोप हुनु चिन्ताको विषय भएको वैज्ञानिकहरूको भनाइ छ। मानव संरक्षित अर्थात् पर्यावरणीय दृष्टिकोणले मानिससँग सम्बन्धित सबैभन्दा नजीकको चरा भँगेरो कता हराए त ? प्रश्न खडा भएको छ।

वातावरण संरक्षणाकर्मीहरूका अनुसार भँगेरोको मानिससँग मात्र नभएर वातावरणसँग पनि प्रगाढ सम्बन्ध रहेको हुन्छ। यसले वातावरणको परिस्थितीय प्रणालीलाई सन्तुलन राख्न मदत गर्छ।

लामो समयसम्म वन तथा वातावरण संरक्षणको क्षेत्रमा काम गरेका म्याग्दीका चन्द्रमणि सापकोटाका अनुसार भँगेरोका कारण मानिसमा कुनै पनि नकारात्मक प्रभाव पर्दैन। बरु यसको प्रातःकालीन चिरबिरले मानिसलाई प्रकृतिसँग जोड्ने काम गर्छ। त्यसैले पहिलेका मान्छेले भँगेरोलाई आआफ्नो घरमा बास दिने गरेका हुन्।

वातावरण संरक्षणाकर्मीहरूका अनुसार भँगेरोले हानिकारक कीटाणु मार्ने, बीउबिजन फैलाउने, परागकण गराउने, जनावरको मृत अवशेषलाई सफा अर्थात् हटाउने काम गर्छ। जसले गर्दा वातावरणीय सन्तुलन कायम राख्न भँगेरोको मुख्य भूमिका रहेको हुन्छ। कीरा–फट्याङ्ग्रा तथा लामखुट्टेलाई समेत आफ्नो आहारा बनाउने हुँदा लामखुट्टेबाट सर्ने रोग हटाउन पनि भँगेरोको महत्त्वपूर्ण भूमिका हुन्छ।

घरआँगनमा डुली हिंड्ने भँगेरो एक




प्रकारले जैविक कीटनाशक पक्षी पनि हो। मानिसको घरायसी फुच्चे साथी भनेकै भँगेरो हो। तर पछिल्लो समय यिनीहरू क्रमशः मासिंदै छन्। वर्तमान अधिकार प्राप्त नगरपालिकाको 'पशुपक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन' स्थानीय सरकार सञ्चालनका सम्बन्धमा बनेको ऐन छ। तर युगौंदेखि मानवसँग सम्बन्धित भई हाम्रै घरघरमा बस्दै आएको पक्षी भँगेरो संरक्षण गर्नुपर्छ भन्ने कुरो सरकारलाई थाहै छैन।

भँगेरो लक्षिन र सहकालको चरा मानिन्छ। जुन घरमा भँगेरोको बास हुन्छ, त्यो घरमा कहिल्यै पनि अलक्षिन लाग्दैन र अन्नको समस्या हुँदैन भन्ने परम्परागत मान्यता रहँदै आएको छ। भँगेरोको सम्बन्धमा छिमेकी मुलुक चीनको एउटा रोचक प्रसङ्ग छ। सन् १९५८ मा चीनका तत्कालीन कम्युनिस्ट नेता माओत्सेतुङको नेतृत्वमा 'किल स्प्यारो क्याम्पियन्स' शुरू गरिएको थियो। चीनको ग्रामीण क्षेत्रमा गरिएको खेतीपाती भँगेरोले नष्ट गरिदियो र यसैका कारण उत्पादन घट्यो भनेर सन् १९६२ देखि करीब पाँच वर्षसम्म 'किल स्प्यारो क्याम्पियन्स' सञ्चालन गरियो। पाँच वर्षको अवधिमा चीनमा लाखौं भँगरो मारियो। तर परिणाम उल्टो निस्क्यो। त्यो अवधिमा झन् उत्पादन घट्यो। अन्त्यमा सो क्याम्पियन्स बन्द गरेर भँगेरो संरक्षण गर्न थालियो। त्यसपछि उत्पादन पनि वृद्धि हुँदै गयो र भँगेरो संरक्षणमा चिनियाँका चासो पनि बढ्दै गयो।

भँगेरो लोप हुँदै जानुको मुख्य दुईवटा कारण रहेका जानकारहरूले बताएका छन्। पहिलो बासस्थानको अभाव, दोस्रो दूरसञ्चारको बिटिएस टुरको विकीरण। म्याग्दीका ९१ वर्षीय खड्गबहादुर थापाका अनुसार कागलाई भँगेरोको मुख्य शत्रु मानिन्छ। पहिला पहिला घर बनाउँदा काग छिर्न नसक्ने तर भँगेरो भने सजिलैसँग छिर्न सक्ने प्वालहरू राखिन्थ्यो। ती प्वाल राख्नुको मुख्य उद्देश्य नै भँगेरोले गुँड बनाउन सकून् भन्ने हुन्थ्यो। तर आजकल घर बनाउँदा त्यस्ता प्वालहरू राखिंदैन। बासस्थानको अभावमा शत्रु जीवको आक्रमण र असुरक्षित वातावरणले गर्दा भँगेरोहरू लोप हुँदै गएका थापाले बताए।

त्यसैगरी, प्रविधिको विस्तारित सञ्जाल पनि भँगेरोलगायत पक्षीका लागि प्रतिकूल बन्दै गएका विभिन्न अध्ययनहरूले देखाएका छन्। मोबाइल सञ्चालन गराउने दूरसञ्चारको बिटिएस टुरको विकीरणले पनि भँगेरो खतरामा परेको कुरा बाहिर आएको छ। नेपाल दूरसञ्चार प्राधिकरणबाट प्रत्येक स्थानीय तहले केही रकम लिने र सो रकम भँगेरोलगायत चरा संरक्षण गर्ने वातावरण तयार गर्नुपर्ने बताइएको छ।

# तुलसी प्रकृतिअनुकूल औषधि

**आँखा, नाक र कान रोग**

मनुष्य शरीरमा यी तीनवटा इन्द्रिय निकै महत्त्वपूर्ण हुनुका साथै कोमल पनि हुन्छ । अतएव यसको कुनै व्याधिमा एकाएक तीव्र औषधिको व्यवहार गर्नु उचित हुँदैन । तुलसी यस्तो सौम्य र निरापद औषधि हो, जुन आफ्नो सूक्ष्म प्रभावबाट यी अङ्गलाई चाँडै निरोग गर्न सक्छ। यस सम्बन्धमा चरक संहिताको निम्न वचन विशेष महत्त्वपूर्ण छ ।

**गोरवे शिरसे शूले पीनसे अर्धभेद के ।**

**क्रिमि व्या धावरस्मारे घ्राणनाशे प्रपोहके ॥**

अर्थात् तुलसीको प्रयोग मस्तकमा एकत्रित दोषलाई हटाएर टाउकोको भारीपन, मस्तक–शूल, पिनास, आधा सी–सी, क्रिमी, मृगी, सुँघ्ने शक्ति नष्ट हुने आदिलाई ठीक गर्छ ।

(१) तुलसीको बीउ २ ग्राम, रसौत २ ग्राम, आमा बेसार २ ग्राम, अफिम ५ मिलिग्राम, फिटकिरी ५ सय मिलिग्राम यी सबैलाई घ्यू–गुवारको गुदासँग मिलाएर पिस्नुपर्छ । यसलाई आँखाको चारैतिर लेप गर्नाले दुखाइ र सुर्खीमा लाभ हुन्छ ।

(२) केवल तुलसीको रस निकालेर आँखामा मल्दा नेत्रपीडा तथा अन्य रोग टाढा हुन्छन्। यदि तुलसीको रसमा थोरै सक्कली मह मिसाएर छानेर सीसीमा राख्ने र त्यसलाई आँखामा चुहाउँदा त्यसले उत्तम आँखाको औषधिको काम गर्न सक्छ ।

(३) आँखा सुन्निनु र चिलाउने समस्या हुनेहरूले तुलसीको पातको काढा बनाएर त्यसमा थोरै फिटकिरी पिसेर मिलाउनुपर्छ। जब काढा मनतातो हुन्छ, तब सफा कपासले त्यसलाई भिजाएर पटक–पटक परेलालाई सेक्नुपर्छ। पाँच–पाँच मिनेटमा दुईपटक सेक्नाले सुन्निने समस्या कम हुन्छ र आँखा उघ्रिन्छ।

(४) यदि कान दुख्छ वा श्रवण शक्तिमा केही गडबडी भएको छ भने तुलसीको रस थोरै मनतातो गरेर दुई–चार थोपा कानमा चुहाउँदा आराम पुग्छ। कान बग्छ वा पीपले दुर्गन्ध भएको छ भने प्रतिदिन तुलसीको रस चुहाउँदा लाभ पुग्छ ।

**जीवेम शरदः शतम्**

(५) तुलसीको पात र सरसोको तेललाई मन्द आगोमा पकाउने, पात जलेपछि तेललाई निकालेर छानेर दुई/चार थोपा कानमा राख्दा सबै प्रकारका दुखाइ कम हुन्छ।

(६) यदि नाकको भित्र दुखाइ छ, कुनै प्रकारको घाउ अथवा खटिरा भएको छ भने तुलसीको पातलाई मसिनो गरी पिसेर सुँघ्दा आराम हुन्छ ।

(७) नाकमा पिनास रोग भएर कीरा परेपछि र दुर्गन्ध आउन थालेपछि वन तुलसीको पातको रस र कपूर मिलाएर नस्य लिनुपर्छ ।



**पुरुषको वीर्य र मूत्रसम्बन्धी रोगः**

तुलसीको बीउ बढी लसादार र लेपक हुन्छ र मूत्र संस्थानको विकारमा दिइन्छ, तुलसीको जरालाई पनि निकै बढी स्तम्भन गुणयुक्त बताइएको छ। यसको बीउले निकै चाँडै लुआव छोड्छ र थोरै बेरमा लसादार झिल्लीको रूपमा परिणत हुन्छ, यसैले यसलाई सक्खरजस्तो वस्तुसँग मिसाएर खाइन्छ वा पानीमा घोलेर पिउनुपर्छ। त्यसो त तुलसीको पात पनि वीर्य दोषलाई मेटाउन निकै उपयोगी हुन्छ ।

(१) तुलसीको जरालाई मसिनो गरेर पिसेर सुपारीको सट्टा पानमा राखेर खाँदा वीर्य पुष्ट हुन्छ र स्तम्भन शक्ति बढ्छ।

(२) तुलसीको बीउ वा जरालाई चूर्ण पारेर पुरानो सक्खरमा मिसाएर ३ ग्राम प्रतिदिन दूधको साथ सेवन गर्दा पुरुषत्वमा वृद्धि हुन्छ ।

(३) तुलसीको बीउ ५८.३२० ग्राम, मूसली ४६.६५६ ग्राम, मिश्री ६९.९८४ ग्राम लिएर पिस्नुपर्छ। यो चूर्ण प्रतिदिन ३ ग्राम गाईको दूधसँग सेवन गर्नाले वीर्यसम्बन्धी निर्बलतामा आशाजनक सुधार हुन्छ ।

(४) सुजाकको रोगमा तुलसीको बीउ, सानो सुकमेलको गेडा र कलमी शोरा समान भाग मिलाएर पिस्नुपर्छ । यस चूर्णलाई दुई/तीन रत्ती खाएर दूधभन्दा दुई गुना पानी मिसिएको लस्सीसरह पिउँदा पनि उत्तिकै लाभ पुग्छ। लस्सीमा चिनी आदि कुनै अन्य वस्तु मिलाउनुहुँदैन।

(५) उपदंश रोगमा तुलसीको बीउ पानीमा मसिनो पिसेर लुगदी बनाउनुपर्छ। यसमा नीमको तेल राखेर दुवैलाई आगोमा पकाउनुपर्छ । जब लुगदी डढेर कालो हुन्छ, तब त्यसलाई छानेर तेललाई चिसो गरेर उपदंश घाउमा लगाउनुपर्छ र त्यसमा २३.३२८–३४.९९२ ग्राम तुलसी पत्रको रस राखेर पिउनुपर्छ ।

(७) वीर्य निर्बलताको लागि तुलसीको



बीउ ११२५ मिलिग्राम र खाँडको पुरानो शीरा १२५ मिलिग्राम मिसाएर बिहान–बेलुका सेवन गर्नुपर्छ ।

(८) राति तुलसीको ६ ग्राम बीउ २३३ ग्राम पानीमा भिजाउने र बिहान त्यसमा दशवटा सानो सुकुमेलको बीउ र उत्तिकै बदामको गेडा राखेर त्यसलाई मिलाएर पिस्नुपर्छ । यसको लगातार सेवनबाट प्रमेह, धात क्षीणता, मूत्र कृच्छ आदिमा लाभ हुन्छ ।

(९) तुलसीको मञ्जरीको काढा गुइठामा राख्ने । त्यसपछि कुर्सीमा रोगीलाई बसाएर तल गुइठासहितको काढाको पात्र राख्ने । यसको भाव मूत्रेन्द्रियलाई दिएपछि पथरी पनि गल्छ ।

# पोखरामा 'सुपरम्यान जीपलाइन'

गण्डकी, २ कात्तिक/रासस

पछिल्लो समयमा पोखरामा थपिएका विभिन्न पर्यटकीय गतिविधिले पर्यटकको बसाइ लम्ब्याउन महत्त्वपूर्ण भूमिका खेलेका छन्। माछापुच्छ्रे पौडिने फेवाताल होस् वा यहाँका तलतलैया र लहरै चाँदीजस्तै टल्किएका हिमालको दृश्यले स्वदेशी एवं विदेशीको ध्यान पोखरामा खिच्ने गरेको छ । साहसिक पर्यटनका जीपलाइन, प्याराग्लाइडिङ, अल्ट्रालाइट, बन्जी जम्प आदिले साहसिक पर्यटनमा विशेष रुचि राख्नेका लागि पनि आकर्षक गन्तव्य बनेको छ ।



तस्वीरः रासस

साहसिक पर्यटकको बढ्दो आकर्षणलाई दृष्टिगत गर्दै यहाँ विश्वकै भिरालो सुपरम्यान जीपलाइन हालै सञ्चालनमा आएको छ। जीपलाइनमा विश्वमैं ख्यातिप्राप्त अमेरिकी ब्रान्ड 'जीपफ्लायर'सँग आबद्ध हाइग्राउन्ड एडभेन्चर प्रालिले सुरुआत गरेको हो । भिरालो र छिटो जीपलाइनमा सुपरम्यान जीपलाइन खेलको शुरू गरिएको संस्थाका प्रमुख सञ्चालन अधिकृत (चिफ अपरेटिङ अफिसर) दिनेश महर्जनले जानकारी दिए ।

उनका अनुसार सन् २०१० मा नेपालमैं पहिलोपटक जीपलाइनको सुरुआत गरेको हाइग्राउन्ड एडभेन्चर प्रालिले एक दशकपछि आफ्ना ग्राहकलाई फरक स्वाद दिन सुपरम्यान जीपलाइन थालेको हो । सुपरम्यान जीपलाइन सुतेर गरिन्छ ।

"समुद्री सतहदेखि एक हजार ५५० मिटरको उचाइमा रहेको सारङ्कोटको माथिल्लो स्टेशनबाट तल्लो स्टेशन हेमजासम्म भर्टिकल ड्रप (भिरालो) ६०० मिटर दूरी छ," उनले भने, "यति धेरै भिरालो भएको जीपलाइन विश्वमैं अन्य नभएकाले गिनिज बुक अफ वल्ड रेकर्डमा 'विश्वकै भिरालो जीपलाइन'का रूपमा दर्ता गर्न आवेदन दिएका छौं ।"

विश्वकै लामोमध्येको एक हजार ८५० मिटर दूरीको सुपरम्यान जीपलाइनमा पार गर्न औसत १४० किमी प्रतिघण्टाको गतिमा अधिकतम समय एक मिनेट लाग्छ। जीपलाइनमा जाने पर्यटकले पोखराबाट नागबेली बाटो काट्दै सवारीसाधनमार्फत करीब ४५ मिनेटको यात्रामा सारङ्कोटको टुप्पोमा पुग्दै गर्दा दक्षिणमा फेवाताल र पोखरा शहर अनि सारङ्कोटको शिरबाट उत्तरमा माछापुच्छ्रे, अन्नपूर्णलगायतका हिमालको दृश्यावलोकन गर्न पाउँछन् । ३५ देखि १२० किलो तौलका साथै १२ वर्षदेखि माथिका व्यक्तिले जीपलाइन खेल्न सक्छन्। तथ्याङ्क अनुसार बेलायतकी ९४ वर्षीय जुन स्कट अहिलेसम्म जीपलाइन गर्ने सबैभन्दा ज्येष्ठ नागरिकका रूपमा रहेको सञ्चालन अधिकृत महर्जनले जानकारी दिए ।

"जीपलाइनलाई सुरक्षित गराउनका लागि हरेक दिन सबै उपकरणको सुरक्षा जाँच गरिने र हरेक महीना मर्मत गरिन्छ," उनले भने, "हरेक वर्ष जीप फ्लायर अमेरिकाका प्राविधिकबाट सुरक्षा परीक्षण (सेफ्टी अडिट) गराउने गर्दछौं ।"

जीपलाइनमा प्रयोग हुने ट्रली र हार्नेस जीपलाइनको विश्वविख्यात, उत्कृष्ट र सुरक्षित रहेको जनाउँदै उनले कम्पनीबाट प्रयोग गरेको ट्रली, हार्नेस, वायरलगायतको प्रविधि नेपालमा अरू कुनै जीपलाइनमा नभएको दाबी गरे ।

नेपालीका लागि रु छ हजार ५०० र विदेशीका लागि आठ हजार ५०० कायम गरिएको सुपरम्यान जीपलाइनमा फोटो भिडियो र टिसर्ट प्याकेज लिन अतिरिक्त एक हजार ५०० राखिएको छ। अगाडि माछापुच्छ्रेको दृश्य तथा तल हेम्जा फाँटको ग्राउन्ड स्टेशन रहेको र हिमालको चिसो झोंकसँगै हुत्तिन पाउनु यस जीपलाइनको विशिष्टता हो ।

जीपलाइनकै ग्राउन्ड स्टेशन हेम्जामा क्यान्टिलिभर ब्रिजको नमूनामा बनाइएको टावरमा बन्जी गर्ने व्यवस्था मिलाइएको छ । नेपालकै पहिलो टावर बन्जीका रूपमा रहेको यहाँ जोडीसँगै अँगालो मारेर गरिने टेन्डम बन्जी पनि सञ्चालनमा छ। जीपलाइन र बन्जी गर्ने पर्यटकलाई लाने र लैजाने व्यवस्था पनि कम्पनीले नै गरेको र यसमा अतिरिक्त शुल्क नलाग्ने जानकारी दिंदै महर्जनले हेम्जामा छिट्टै विभिन्न साहसिक खेल थप्ने योजना रहेको बताए ।

नेपाल आउने युरोपेली, अस्ट्रेलियाली, कोरियालीलगायत अन्य देशका अधिकांश विदेशी पर्यटक साहसिक पर्यटनका लागि आउने गरेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख काशीराज भण्डारीले जानकारी दिए ।

"नेपालमा साहसिक पर्यटनका गतिविधि पर्वतारोहण, पदयात्रा, हाइकिङ, ऱ्याफ्टिङ, कायकिङसँगै प्याराग्लाइडिङ, जीपलाइन, अल्ट्रालाइट आदिले पर्यटकलाई आकर्षित गरेका छन्," उनले भने, "यी साहसिक पर्यटनका गतिविधिले पर्यटकलाई लोभ्याउनुका साथै उनीहरूको बसाइ लम्ब्याउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।" पछिल्ला समयमा नेपालीमा पनि घुमफिर गर्ने संस्कृति बढ्दै गएको जनाउँदै उनले साहसिक पर्यटनमा पनि आन्तरिक पर्यटकको उत्तिकै आकर्षण बढ्दै गएको बताए ।

## फरक समाचार

# नासाको लुसी मिशन

अमेरिकी स्पेस एजेन्सी नासाले शनिवार लुसी मिशन लन्च गरेको छ। यस मिशनको माध्यमबाट नासाका वैज्ञानिकले बृहस्पति ग्रहमा ट्रोजन एस्टेरायड्सबारे जानकारी जुटाउने भएका छन् । नासाको विशेष रकेट बृहस्पति ग्रहको लागि



रवाना भइसकेको छ ।

वैज्ञानिकको भनाइ छ, यस मिशनको माध्यमबाट सौर्यमण्डलबारेमा नयाँ कुरा पत्ता लगाउन सकिन्छ। लुसी मिशनको लागि शनिवार साँझ ३:०४ बजे फ्लोरिडाको केप–कैनावेरल स्पेस फोर्स स्टेशनबाट एटलस–वी रकेटले उडान गरेको थियो। यो मिशन १२ वर्षसम्म चल्छ। रकेट सातवटा ट्रोजन एस्टेरायड्समा पुगेर त्यसको अध्ययन गर्नेछ। यो अन्तरिक्ष यान ट्रोजन समूहको वरपर सन् २०२७–२८ सम्म पुग्छ ।

नासाका वैज्ञानिकको भनाइ छ, मिशनको माध्यमबाट सबैभन्दा ठूलो ग्रह बृहस्पतिको कक्षामा झुन्डको रूपमा रहेको एस्टेरायड्सको अध्ययन गर्नेछ। यी एस्टेरायड्सलाई नै साधारण भाषामा उल्कापिण्ड वा क्षुद्रग्रह पनि भनिन्छ। यो ढुङ्गा वा धातुको टुक्राको रूपमा हुन्छ। जब कुनै ग्रह वा ताराको कुनै भाग टुट्छ, त्यसलाई उल्कापिण्ड भनिन्छ। सजिलो भाषामा बुझ्नुपर्दा ग्रहको एउटा टुक्रा। यो धेरै आकारमा हुन्छ। ससाना ढुङ्गादेखि मिलौं लामो चट्टानको रूपमा पनि हुन्छ।

नासाको मिशनले यी उल्कापिण्डसँग कस्तो सम्बन्ध छ भन्नेबारे वैज्ञानिकको भनाइ छ, बृहस्पति ग्रहको निर्माणको क्रममा यी ट्रोजन एस्टेरायड्स अलग भएका थिए । यिनीहरूको जाँच गरेर सौर्यमण्डलको उत्पत्तिबारे महत्त्वपूर्ण जानकारी र रहस्य पत्ता लगाउन सकिन्छ । सौर्यमण्डलमा ग्रहको वर्तमान स्थितिको पछाडि के कारण छ, त्यसबारे पनि जानकारी हासिल गर्ने नासाका वैज्ञानिकहरूको लक्ष्य छ ।

**मिशनको नाम लुसी किन राखियोः** लुसी नामको सम्बन्ध एउटा मनुष्य कङ्कालसँग छ, जुन सन् १९७४ मा इथियोपियाको हदान नामक ठाउँमा भेटिएको थियो । धेरै समयको अनुसन्धानपछि वैज्ञानिकले त्यसलाई संसारकै सबैभन्दा पुरानो मानव कङ्काल भन्दै लुसी नाम दिएका थिए। नासाका वैज्ञानिकले त्यसै मानव कङ्कालको नाममा आफ्नो मिशनको नाम लुसी राखे।

लुसी मिशनका प्रमुख शोधकर्ता हैल लेविसनको भनाइ छ, ट्रोजन एस्टेरायड आफ्नो कक्षमा ६० डिग्रीसम्म वा बृहस्पतिसँगै हिंड्छ। गुरुत्वाकर्षणको कारण एस्टेरायड्सले सूर्य र बृहस्पतिको बीच चक्कर लगाइरहन्छ। हाम्रो लक्ष्य त्यसको आकार, संरचना, सतहको विशेषता र तापमान जाँच गर्नु हो।

वैज्ञानिकका अनुसार यो ट्रोजन त्यही वस्तुबाट बनेको छ, जसबाट बृहस्पति र चन्द्रमा बनेको छ।

# पसिनाबाट मधुमेह पत्ता लगाउन सकिने

अब ग्लुकोजको परीक्षणको लागि इन्जेक्शनको पीडा सहनुपर्दैन। अमेरिकी वैज्ञानिकले यस्तो डिभाइस तयार गरेका छन्, जसले पसिनाबाट ब्लड सुगरको स्तर पत्ता लगाउँछ।



यो डिभाइसलाई हातमा लगाएर ब्लड सुगरको जाँच गर्न सकिन्छ।

डिभाइस तयार गर्ने पेन्सिलभेनिया स्टेट युनिभर्सिटीका शोधकर्ताको भनाइ छ, यसमा निकिल मेटलको प्रयोग गरिएको छ, यो ब्लग सुगरप्रति संवेदनशील हुन्छ । यसको साथै यसमा सुनको पनि प्रयोग गरिएको छ, त्यसैले कुनै पनि मान्छेलाई यसबाट एलर्जी हुने खतरा शून्य हुन्छ।

शोधकर्ताको भनाइ छ, रगतको तुलनामा पसिनामा ग्लुकोजको मात्रा सय गुनासम्म कम हुन्छ। यसैले डिभाइसमा यस्तो धातु प्रयोग गरिएको छ, जसले यसलाई समात्न सक्छ। जसले पसिनाबाट ग्लुकोजको स्तर पत्ता लगाउने कोशिश गर्छ ।

बायोसेन्सर्स एन्ड बायोइलेक्ट्रोनिक्स जर्नलमा प्रकाशित अनुसन्धान अनुसार यसभन्दा पहिले तयार भएको डिभाइसमा विशेष प्रकारको एन्जाइम भएको अल्केलाइन लिक्विडको प्रयोग गरिन्थ्यो, तर यसबाट छाला क्षतिग्रस्त हुने खतरा थियो । नयाँ डिभाइसमा कुनै प्रकारको एन्जाइम प्रयोग गरिएको छैन । यो डिभाइसलाई छालासँग टाँसेर लगाउनुपर्छ। त्यसपछि रोगीलाई हलुका शारीरिक गतिविधि गर्न सल्लाह दिइन्छ, ताकि पसिना आओस् । पसिना आएको केही मिनेटपछि डिभाइसले यसको जाँच गर्छ।

शोधकर्ता अनुसार खाना खाएको एक र तीन घण्टापछि यस डिभाइसबाट ग्लुकोजको जाँच गर्न सल्लाह दिइएको छ। यस डिभाइसले कति सटीक नतीजा दिन्छ, त्यसको लागि शोधकर्ताले परीक्षण गरेका थिए। पहिले बजारमा रहेका ग्लुकोज मिटरबाट रोगीको रगतमा चिनी जाँच गरे। त्यसपछि नयाँ डिभाइसबाट त्यसै रोगीको पसिना जाँच गरियो। दुवै नतीजाको तुलना गर्दा एकसमान थियो।

शोधकर्ता चेंग भन्छन्, अब हामी फिजिसियन्स र हेल्थकेयर प्रोभाइडर्ससँग मिलेर काम गर्न चाहन्छौं, ताकि यस प्रविधिको प्रयोग मधुमेहका रोगीमाथि गर्न सकौं ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## बेलायतमा कोरोना सङ्क्रमण झन् बढ्यो एकै दिन करीब ५० हजार सङ्क्रमित

लन्डन, २ कात्तिक/सिन्ह्वा

बेलायतमा पछिल्लो समयमा कोरोना भाइरसका सङ्क्रमित बढ्दै गएको बताइएको छ।




कोरोनाविरुद्धको खोपका लागि लन्डनस्थित खोप केन्द्रतर्फ जाँदै एकजना वृद्ध। तस्वीरः सिन्ह्वा

यहाँ २४ घण्टायता मात्र कोरोना भाइरसका करीब ५० हजार सङ्क्रमित भेटिएका छन्।

बेलायतका अधिकारीहरूले कोरोना भाइरसको सङ्क्रमण घट्न नसकेको देखिएको बताएका छन्। सोमवार यहाँ ४९ हजार १५६ जना सङ्क्रमित देखिएको यहाँका स्वास्थ्य अधिकारीहरूले जनाएका छन्।

यो सङ्ख्या यहाँ महीनौंपछिको सबैभन्दा धेरै हो। पछिल्ला केही दिनमा यहाँ सङ्क्रमण झन् बढेको पाइएको छ। अधिकारीहरूले बेलायतमा अहिलेसम्म सङ्क्रमित हुनेको सङ्ख्या करीब ८५ लाख पुगेको पनि जनाएका छन्। यहाँको स्वास्थ्य मन्त्रालयद्वारा जारी वक्तव्यमा उल्लेख गरिए अनुसार यहाँ पछिल्लो २४ घण्टामा ४५ जनाको निधन भएको छ। योसमेत गरी यहाँका १ लाख ३८ हजारभन्दा धेरै मानिसको यो सङ्क्रमणबाट ज्यान गएको छ।

महीनौंपछि यहाँ ठूलो सङ्ख्याका सङ्क्रमितहरू पाइएका भन्दै प्रधानमन्त्री बोरिस जोन्सनले थप सतर्कताका लागि आग्रह गरेका छन्। यहाँका स्वास्थ्य अधिकारीले यहाँ धेरै समयपछि मृत्यु हुनेको सङ्ख्या पनि बढ्न थालेको बताएका छन्। बेलायतमा कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये सात हजार ७०० जना अझै पनि अस्पतालमैं उपचाररत रहेका छन्।

**भारतमा थप १३ हजार ५८ जना सङ्क्रमित**

नयाँ दिल्ली/एएनआई

पछिल्लो एक दिनमा भारतमा १३ हजार ५८ जना थप कोरोना भाइरसका सङ्क्रमित थपिएका स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलवार जानकारी दिएको छ। यो सङ्ख्या २३१ दिनयताको सबैभन्दा कम भएको पनि सो मन्त्रालयले जनाएको छ।

भारतमा अहिले सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या भने १ लाख ८३ हजार ११८ रहेको अधिकारीले जनाएका छन्। यो सङ्ख्या २२७ दिनयताको सबैभन्दा कम भएको पनि जनाइएको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या कुल सङ्क्रमितको ०.५४ प्रतिशत मात्र रहेको मङ्गलवार प्राप्त समाचारमा जनाइएको छ।

कोरोना भाइरसको महामारी शुरू भएयता हाल सङ्क्रमणमुक्त दर ९८.१४ प्रतिशत भएको मन्त्रालयले मङ्गलवार जनाएको छ। स्वास्थ्य मन्त्रालयका अनुसार भारतमा ५९ करोड ३१ लाख व्यक्तिको कोरोना भाइरसको परीक्षण भएको छ। भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो। सो समयदेखि हालसम्म ९८ करोड ६७ लाख मात्रा खोप लगाइएको पनि सो मन्त्रालय जनाएको छ। रासस

## क्षेप्यास्त्र प्रहार गरेको दक्षिण कोरियाको भनाइ

सोल, २ कात्तिक/सिन्ह्वा

उत्तर कोरियाले सोमवार एक आणविक क्षेप्यास्त्र (मिसाइल) प्रहार गरेको दक्षिण कोरियाले बताएको छ। समयसमयमा आणविक परीक्षण गरिरहने उत्तर कोरियाले सोमवार पनि क्षेप्यास्त्र हानेको बताइएको हो।




तस्वीरः एएफपी

यस समाचारलाई विश्वका समाचार समितिहरूले पनि सम्प्रेषण गरेका छन्। दक्षिण कोरियाको सेनालाई उद्धृत गर्दै दिइएको सो समाचारमा उत्तर कोरियाले फेरि पनि क्षेप्यास्त्र हानेको जनाइएको छ। दक्षिण कोरियाली सेनाका प्रमुखले भनेका छन् कि उत्तर कोरियाले सो क्षेप्यास्त्र हानेको छ र उक्त क्षेप्यास्त्र पूर्वी समुद्रको पानीमा खसेको अनुमान गरिएको छ। सो क्षेप्यास्त्र समुद्रमा खसेको र दक्षिण कोरियाको पूर्वी सामुद्रिक तटमा सो क्षेप्यास्त्र खसेको अनुमान गरिएको छ। तर पनि अहिले नै सो ब्यालेस्टिक क्षेप्यास्त्र कति टाढासम्म मार हान्न सक्ने क्षमताको हो भन्नेबारेमा भने केही बताइएको छैन।

यस क्षेप्यास्त्र परीक्षणको बारेमा उत्तर कोरियाले भने प्रारम्भिकरूपमा कुनै जानकारी दिएको छैन। कोरियाले त्यो के कस्तो हो र यसको शक्ति कति हो भन्नेबारेमा उसले कुनै पुष्टि गरेको थिएन। उत्तर कोरियाले बारम्बार यस्ता क्षेप्यास्त्रहरू परीक्षण गर्दै आएको छ। केही समयमात्र अघि पनि उसले अन्तरमहादेशीय क्षेप्यास्त्र हानेको बताइएको थियो। सो क्षेप्यास्त्र जापानको समुद्रसम्म पुगेर निस्तेज भई खसेको जापानले जनाएको थियो। रासस

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – अन्नलाभ | वृष – धनखति |
| मिथुन – सुयश | कर्कट – अलमल |
| सिंह – धनलाभ | कन्या – सफलता |
| तुला – राज्यभय | वृश्चिक – रोगभय |
| धनु – व्यापारलाभ | मकर – कडापरिश्रम |
| कुम्भ – कार्यनाश | मीन – भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## बर्वाटाँडीमा रावणवध मेला समापन

प्रस, पर्सागढी, २ कात्तिक/

पर्सागढी नगरपालिका–४ बर्वाटाँडीमा मङ्गलवार रावण वध मेला सम्पन्न भएको छ।



कात्तिक १ गतेदेखि शुरू भएको दुई दिने मेला मङ्गलवार समापन भएको हो। प्रत्येक वर्ष भदौको कृष्ण अष्टमीका दिन कंसवध मेला लाग्दै आएकोमा यस वर्ष दशैंको अवसरमा रावणवध मेला लागेको हो। मेलामा खेलतमाशाको पनि व्यवस्था गरिएको थियो।

### प्रस्तावित विज्ञान ..........

प्रस्तावित विज्ञान ..........

शहरको अवधारणा अगाडि सारेको छ।

१. सातदोबाटोबाट गोदावरी बोटानिकल गार्डेनसम्म मूल सडकमा दायाँ बायाँ करीब २५०–५०० मिटर वरपर क्षेत्रमा विज्ञान प्रविधि शैक्षिक संस्थाहरूलाई समेटी सहकार्यमा आधारित विज्ञान शहरको निर्माण गर्ने।

२. यस क्षेत्रमा अवस्थित प्रस्टरूपमा देखिएका संस्थाहरू नास्ट, नार्क, राष्ट्रिय प्रकृति संरक्षण कोष, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, ललितपुर नगरपालिका, गोदावरी नगरपालिका, इसिमोड र यस क्षेत्रमा अवस्थित खेलकूद, आवास क्षेत्रहरू, शैक्षिक संस्थाहरू आदि र आवश्यकता महसूस अनुसार अन्य संस्थाहरू थपिँदै जान सक्ने गरी सहकार्य गरी विज्ञान शहर निर्माण गर्न नास्टको प्राज्ञको संयोजकत्वमा निर्माण समिति बनाउने। कार्यान्वयनलाई सहजता प्रदान गर्न अध्ययन परामर्शदाताको सहयोग लिने।

३. अध्ययनबाट विज्ञान शहरको क्षेत्र निर्धारण भएपछि यसमा निर्क्योल गरिएका संस्थाहरूको अध्ययनले देखाएका र प्रस्तावित योजना अनुरूप आआफ्नो संस्थाहरूका परिसरलाई व्यवस्थित र विकास गर्ने।

४. प्रस्तावित विज्ञान शहरको पहिलो बिन्दु नास्ट परिसर र अन्तिम बिन्दु गोदावरी बोटानिकल गार्डेनलाई मान्ने र अध्ययनमा आधारित भएर समितिले व्यवस्थापन गरेबमोजिम जानकारीमूलक र आकर्षक स्थलहरू पहिचान गरी सामूहिक विकास गर्ने र यस क्षेत्रमा शैक्षिक भ्रमण एवं आगन्तुकहरूलाई अवलोकन भ्रमणको लागि आकर्षित गर्ने।

५. विज्ञान शहरको प्रथम बिन्दु नास्ट परिसरमा विज्ञान पार्क सहकार्यको सिद्धान्त अवलम्बन गरी विज्ञानमा अभिरुचि राख्ने विद्यार्थी, शिक्षक र सर्वसाधारणहरूलाई विज्ञान प्रविधिसम्बन्धी मनोरञ्जन र सचेतना दिने हेतुले विविध पक्षहरूको विकास गर्ने। यस्तै अन्य संस्थाहरूले पनि अध्ययन बमोजिम आआफ्नो संस्थाका परिसरहरूमा विकास गर्ने।

६. नेपाल सरकार, ललितपुर महानगरपालिका, गोदावरी नगरपालिकाहरूले आआफ्नो आवधिक योजनामा विज्ञान शहरको योजना र कार्यक्रमलाई आबद्धता गरी सोही अनुसार चरणबद्ध विकास गर्दै जाने।

७. आगन्तुकहरूलाई विज्ञान शहरका प्रथम बिन्दुदेखि अन्तिम बिन्दुसम्म आवतजावत आकर्षक प्रविधि माध्यमबाट गर्न केबलकार, मनोरेल वा इलेक्ट्रिक भेहिकलमार्फत गर्ने सुविधा दिने व्यवस्था मिलाउने।

८. नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू शहरी विकास मन्त्रालय, भौतिक योजना मन्त्रालय, खानेपानी मन्त्रालय, वन तथा वातावरण मन्त्रालयलगायत संस्थाहरूले पनि विज्ञान शहरको अवधारणा अन्तर्गतका योजनाहरूलाई यसको निर्माण, कार्यान्वयन र व्यवस्थापनमा सहयोग गर्ने कार्यक्रम ल्याउने।

९. सामुदायिक संस्था, निजी संस्थाहरू, व्यावसायिक संस्था, पेशागत संस्थाहरूसमेतको आवश्यकता अनुसार सहकार्य र सहभागितामूलक सार्वजनिक–निजी साझेदारी अवधारणा पनि अवलम्बन गर्ने।

१०. सहभागितामूलक प्रतिनिधित्व हुने गरी सञ्चालन र व्यवस्थापन समितिको रेखदेखमा सञ्चालनमा ल्याइ यसको विकास र विस्तार गर्दै यस क्षेत्रलाई आकर्षण र पहिचानयुक्त क्षेत्रको रूपमा विकास गर्ने।

**निष्कर्ष**

विज्ञान शहर पूर्णरूपमा नयाँ बनाउनुभन्दा शैक्षिक एवं विज्ञान प्रविधिसँग सम्बन्धित संस्थाहरू अवस्थित सातदोबाटोदेखि गोदावरीस्थित बोटानिकल गार्डेनसम्मको क्षेत्रलाई विज्ञान शहर घोषणा गरी योजनाबद्धरूपमा यस क्षेत्रमा अवस्थित संस्थाहरूको सहकार्यमा विकास र विस्तार गरी कम खर्चमा नै आकर्षक स्थलको रूपमा विकास गर्न सकिने देखिन्छ।

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरूले यस अवधारणालाई अवलम्बन गरी विज्ञान शहर बनाउने घोषणासहित चरणबद्ध कार्यहरू गर्दै गएमा विज्ञान शहरले मूर्तरूप लिई पहिचानमय बन्न सक्दछ। यो देशका अन्य भागहरू पनि विज्ञान शहर वा विज्ञान पार्क बनाउनको लागि अनुकरणीय हुन सक्दछ। यसले विज्ञानमा अभिरुचि राख्ने विशेषतः विद्यालय र कलेजका विद्यार्थीहरूको लागि विज्ञान प्रविधि बुझ्ने, अभिरुचिमा वृद्धि गराउन आकर्षक थलोको रूपमा विकास हुन सक्दछ।

यस्तै नयाँ–नयाँ प्रविधिहरू प्रदर्शनी हुन सकी जनमानसले सिक्ने अवसर प्राप्त गर्ने र स्टार्टअप उद्यमीहरूलाई पनि अघि बढ्ने अवसरहरू प्रदान गर्ने सम्भावना विकास हुन सक्दछ।

विज्ञान शहरले विज्ञानमा आधारित अर्थतन्त्रको विकास हुने र विज्ञान संस्कृतिलाई बढावा दिने सम्भावना हुँदा सहभागितामूलक सहकार्यमार्फत विज्ञान शहर निर्माणमा अब सुरुआती कदम चाल्नेतर्फ सम्बद्ध सबैले मनन गर्न ढिलो नगरौं।

प्रदेश सरकार
प्रदेश नं २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, पर्सा**
वीरगंज

फोनः ०५१–५२१८७९
इमेलः agrisciencepar sa@gmail.com

**व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम सञ्चालनको लागि आवेदन दर्ता गर्न सूचना आह्वान**

सूचना प्रकाशित मितिः २०७८/०७/०३

आव २०७८/७९ को कार्यक्रम अनुसार व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम पर्सा जिल्लामा (गहुँ–२, धान–१, मकै–१, तरकारी–१) पाँचवटा कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमीहरूले आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिको १५ दिनभित्र (२०७८/०७/१७ गतेभित्र) यस केन्द्रमा तोकिएको ढाँचा (अनुसूची ७)मा तपसिलमा उल्लिखित शर्तहरूको अधीनमा रही आवेदन दर्ता गर्नु गराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना आह्वान गरिएको छ।

**तपसिल शर्तहरू**

**१. निवेदन साथ पेश गर्नुपर्ने कागजातहरूः**

१.१. तोकिएको ढाँचामा रु १०/– को टिकटसहित आवेदन।
१.२. कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमी दर्ता, नवीकरण भएको प्रतिलिपि।
१.३. कार्यसमितिको निर्णयको प्रतिलिपि।
१.४. स्थानीय तहहरूको सिफारिशपत्र।
१.५. कार्यक्रम सञ्चालन हुने स्थानको जग्गाधनी पुर्जा वा स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा पाँच वर्षको सम्झौतापत्र।
१.६. आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

**२. ब्लक सञ्चालन हुने बाली/वस्तु/क्षेत्रफल/सङ्ख्याको न्यूनतम आधार**

२.१. खाद्यान्न (धान, गहुँ, मकै) बाली– २२५ बिघा
२.२. तरकारी बाली– १२० बिघा

नोटः जोन वा पकेट सञ्चालित पालिकाका वडाहरूमा तथा कृषक दोहोरिने गरी ब्लक कार्यक्रम सञ्चालन गर्न पाइनेछैन।

# जातीय उत्थानको लागि एकता जरुरी –डा साह

प्रस, रौतहट, २ कात्तिक/

नेपाल सोनार समाज रौतहटको


तस्वीर: प्रतीक

साधारणसभा तथा दोस्रो अधिवेशनमा प्रमुख अतिथि डा महादेव साहले जातीय उत्थानका लागि एकता जरुरी रहेको बताए।

उनले सोनार जाति अन्य जातिको तुलनामा पछाडि परेकोले साझा उत्थानमा योगदान गर्न जरुरी रहेको बताए।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घ प्रदेश २ का सभापति रामजी साह सोनारले आफूले सोनार जातिको उत्थानका लागि अहोरात्र खटेको बताए। उनले आफ्नो कामकाज छोडी सोनार जातिका लागि गाउँगाउँ घुमेको बताए।

उनले शिवनगरका प्रसाद साहले अस्पतालका लागि दिएको १० कट्ठा जग्गामा सालिक बनाउन लागेको जानकारी गराए।

उनले सोनार जातिका बालबालिकालाई अध्ययनमा जोड दिन अपील गरे। बालबालिकाको अध्ययनमा कुनै कठिनाइ भए सहयोग गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे। उनले सोनार जातिमा दाइजो प्रथा बढ्दै गएकोले यसको अन्त्य रौतहटबाट नै हुनुपर्ने आग्रह गरे।

मौलापुर मालपोत कार्यालयका प्रशासकीय अधिकृत बाबुनन्द साहले चिकित्सक छोराको विनादहेज विवाह गरेकोमा सभापति साहलाई आभार व्यक्त गरे।

कार्यक्रममा श्रीचरण साह, चन्द्र साह, मोरङ जिल्ला अध्यक्ष महेशकुमार साह, बाबुनन्द साह, लालबहादुर साह, मनोज साह, दामोदर साह, उमेश सोनी, मुकेश साह, सरोज साह, जयप्रकाश साह, सगुनी साह, डा महादेव साह, रामजी साह, डा नीतुरानी सर्राफ, राकेश साह, राजेश साह, गोवपन्द साह, पूजा सोनी, प्रभुप्रसाद साह, डा कृष्णानन्दन साह, डा कुन्दन सागर, नरेश साह, इन्जिनीयर डा महादेव साह, जयकिशोर साह, दिलीपकुमार साह, सुरज साह, राजु साह, अरुणकुमार सोनी, ओमप्रकाश साह, उमेश साह, श्यामबाबू साह, रामबाबू साह, सुरेन्द्र साह, रामप्रवेश साह, हरिओम साह, दीपनानारायण साह, रामजीवन साहलगायतलाई सम्मान गरिएको थियो।


२०७८ कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म हुने राष्ट्रिय जनगणना २०७८ सफल पारौं।

- कोही नछुटौं, कोही नदोहोरिऔं।
- बसोबास गरेकै ठाउँबाट आफ्नो विवरण लेखाऔं।
- घर-घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड





## तालीमपछि सिलाइ मेशिन वितरण

प्रस, वीरगंज, २ कात्तिक/

वीरगंज महानगरपालिका, वडा नं ९ को कार्यालयले मङ्गलवार ३० जना



महिलालाई सिलाइ मेशिन वितरण गरेको छ।

एक महीने सिलाइकटाइ तालीम समापन कार्यक्रममा सहभागी महिलाहरूलाई प्रमाणपत्रसहित सिलाइ मेशिन वितरण गरिएको वडाध्यक्ष मनोजकुमार कलवारले बताए। उनले वडाका महिलाहरूलाई स्वरोजगार तथा आत्मनिर्भर बनाउन तालीमको आयोजना गरिएको बताए। कार्यक्रममा वडा अधिकृत राजीव गिरीले सिकेको सीपलाई आयआर्जनको माध्यम बनाउन जोड दिए। सरिता गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा महिला सदस्य दिलमाया श्रेष्ठ, प्रशिक्षक पूनम पटेल, संयोजक वंशीधर रौनियारलगायतको सहभागिता थियो।

### वीरगंजमा फोहोरबाट.....

"वीरगंजमा करीब डेढ सय ठेला फोहोरबाट मोहोर सङ्कलन गरिन्छ, अनि कबाडमा बेचिन्छ," गुप्ताले भने, "ठेकेदारको गाडीमा खाद्यान्न, तरकारी, फलफूलका बोक्रा र हल्का प्लास्टिक मात्रै हात लाग्छ, अनि कसरी मोहोर बनाउनु।" वीरगंजको फोहोरमैला व्यवस्थापन केन्द्रले अहिले मासिक ४० ट्याक्टर कम्पोस्ट मल बनाएर बेचिरहेको छ।

वीरगंजबाट सडक तथा गोठबाट गोबर पनि सङ्कलन हुने गरेको छ। जसबाट मल बनाउन सहयोग मिल्छ। मल किसान तथा सर्वसाधारणले किनेर लैजान्छन्।

ठेकेदार कम्पनीका अनुसार सडक बालबालिकालाई व्यवस्थापन गर्न सकियो भने दैनिक करीब ३ लाख मूल्यबराबरको रिसाइकल हुने सामान सङ्कलन हुन्छ। केन्द्रमा १८० फिट गहिराइ भएका तीनवटा पोखरीमा अहिले उत्तरतर्फको पोखरीमा फोहोरमैला थुपार्ने गरिएको छ। २१ दिन राखेपछि कुहिने र नकुहिने सामानलाई छुट्टाउने गरिएको गुप्ताले बताए।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १) | लेडि सर्कल नेपाल | पत्रकार सम्मेलन | भिस्वा होटल | ८:३० |

# खेलकूदको संसार

## प्रदेशस्तरीय मिथिला कप टी-ट्वान्टी क्रिकेट प्रतियोगिता हुने

राजविराज, २ कात्तिक/रासस

सप्तरीको राजविराजमा बुधवारदेखि प्रदेशस्तरीय मिथिला कप टी-ट्वान्टी क्रिकेट प्रतियोगिता हुने भएको छ। सप्तरी क्रिकेट सङ्घको समन्वयमा आयोजना गरिने खेलमा १६ वटा टीमको सहभागिता रहने क्लबका अध्यक्ष रवीन्द्र यादवले जानकारी दिए। युवा शक्ति क्लब, विष्णुपुरको आयोजनामा राजविराजस्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसको खेलमैदानमा तेस्रो संस्करणको खेल यही कात्तिक १२ गतेसम्म प्रदेशस्तरीय मिथिला कप टी-ट्वान्टी क्रिकेट प्रतियोगिता हुन लागेको हो।

उक्त खेलमा बोस्टन क्रिकेट एकेडेमी झापा, विराटनगर स्पोर्टिङ क्लब मोरङ, फूलबारी क्रिकेट क्लब सुनसरी, रञ्जीतपुर राइडर्स टीम सप्तरी, छिन्नमस्ता स्पोर्ट्स क्लब सप्तरी, बजाज युथ क्रिकेट एकेडेमी सप्तरी, रूपनी राइडर्स सप्तरी, तिलाठी कोइलाडी एलेभेन सप्तरी, लायन्स क्लब सप्तरीलगायतको सहभागिता रहने जनाइएको छ।

उद्घाटन खेलमा लहान क्रिकेट क्लब, सिराहा र फूलबारी क्रिकेट क्लब, सुनसरीबीच प्रतिस्पर्धा हुने प्रतियोगिताको प्रदेश नं २ का अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले उद्घाटन गर्ने क्लबका कोषाध्यक्ष नन्दकिशोर गुप्ताले बताए। त्यस्तै, जनकपुर क्रिकेट एकेडेमी धनुषा, लहान क्रिकेट क्लब सिराहा, धनुषा रोयल क्रिकेट एकेडेमी धनुषा, नरेश सिंह क्रिकेट एकेडेमी महोत्तरी, रौतहट-११ रौतहट, क्रिकेट बजार-११ बारा र युनाइटेड क्रिकेट क्लब पर्सा सहभागी हुने आयोजित पत्रकार सम्मेलनमा क्लबका सचिव राजेन्द्रकुमार मुखियाले जानकारी दिए।

खेलमा सप्तरीबाट छ, धनुषाबाट दुई, महोत्तरी, रौतहट, बारा, पर्सा, सिराहा, सुनसरी, झापा, मोरङबाट एक/एक वटा टीमको सहभागिता हुने जनाइएको छ। करीब रु १५ लाख खर्च हुने अनुमान गरिएको प्रतियोगितामा प्रथम पुरस्कारको रूपमा नगद रु एक लाख, ट्रफी, प्रमाणपत्र, मेडल प्रदान गरिनेछ भने द्वितीय पुस्कारको रूपमा नगद रु ५० हजार, कप, प्रमाणपत्र, मेडल प्रदान गरिने बताइएको छ।

## एसियन कप छनोट खेल्ने नेपाली टोली ताजिकिस्तान प्रस्थान

काठमाडौं, २ कात्तिक/रासस

एएफसी यू-२३ एसियन कप छनोट खेल्न नेपाली यू-२३ टोली मङ्गलवार ताजिकिस्तान प्रस्थान गरेको छ। एएफसी यू-२३ एसियन कप छनोट यही कात्तिक ८ देखि १४ गतेसम्म हुँदैछ।

छनोटमा नेपाल समूह 'बी'मा परेको छ। सो समूहमा नेपालसहित ताजिकिस्तान, इरान र लेबनान छन्। नेपालले समूह चरणको पहिलो खेलमा कात्तिक ८ गते इरानसँग खेल्नेछ। त्यस्तै, दोस्रो खेल कात्तिक ११ गते ताजिकिस्तानसँग खेल्नेछ भने अन्तिम खेल कात्तिक १४ गते लेबनानसँग प्रतिस्पर्धा गर्नेछ। एएफसीले प्रतियोगिताको छनोटमा सहभागी ४१ टोलीलाई विभिन्न ११ समूहमा विभाजन गरिएको छ।

छनोटका ११ समूहको शीर्ष टोलीले एएफसी यू-२३ एसियन कप खेल्नेछन् भने दोस्रो टोलीमध्ये उत्कृष्ट चार टोली पनि यू-२३ एसियन कपमा छनोट हुनेछन्। प्रतियोगिता सन् २०२२ को जून १ देखि १९ सम्म उज्बेकिस्तानमा हुने तालिका छ।

नेपालले हालसम्म एएफसीको यू-२३ एसियन कप प्रतियोगिताको छनोट चरण पार गर्न सकेको छैन। छनोटका लागि मुख्य प्रशिक्षक बालगोपाल महर्जनले आइतवार २३ सदस्सयीय नेपाली टोलीको घोषणा गरेका थिए। टोलीमा अर्पण कार्की, विशाल सुनार, अभिषेक बराल, सुमन अर्याल, गौतम श्रेष्ठ, राजन गुरुङ, शिव गुरुङ, रन्दीप पौडेल र अनिल महर्जन छन्।

त्यसैगरी, अभिषेक लिम्बू, नितिन थापा, सुरज ठकुरी, आयुष घलान, सेसेहाङ आङ्देम्बे, राजीव लोप्चन, शिशिर लेखी, आकाश बूढामगर, रोशन पहाडी, ऋतिक खड्का, मनीष डाँगी, अभिषेक रिजाल, दर्शन गुरुङ र एरिक विष्ट टोलीमा छन्।

## महम्मद डेको अवसरमा वीरगंजमा र्‍याली

प्रस, वीरगंज, २ कात्तिक/

मुस्लिम समुदायले धूमधामका साथ मङ्गलवार महमद डे मनाएको छ।




वीरगंजका विभिन्न टोलबाट निकालिएको र्‍याली घण्टाघरमा पुगेर सम्पन्न भएको थियो।

लाठगली मस्जिद, मुर्ली मस्जिद, गहवा मस्जिद, छपकैयाको मस्जिदबाट बाजागाजासहित सन्देशमूलक प्लेकार्ड बोकी र्‍याली निकालिएको थियो।

मुर्ली मस्जिदबाट निकालिएको र्‍यालीमा पर्सा निर्वाचन क्षेत्र नं १ का सङ्घीय सांसद प्रदीप यादव, जिल्ला समन्वय समितिका सभापति नेकमहमद अन्सारीलगायतको सहभागिता थियो।

र्‍यालीमा सहभागीहरूलाई सांसद यादवले फलफूल वितरण गरेका थिए।

त्यसैगरी, गहवा मुस्लिम समाजले निश्शुल्क खाना वितरण गरेको अलि अकबर हवारीले जानकारी दिए।

मुस्लिम धर्मावलम्बीका धर्मगुरु पैगम्बर हजरत महम्मद सल्लाह अलैहे वसलमको जन्मोत्सवको अवसरमा मुस्लिम धर्मावलम्बीहरूले महम्मद डे मनाउँदै आएका छन्। ईसं ५७१ मा मुस्लिम धर्मावलम्बीहरूका धर्मगुरु पैगम्बर हजरत महम्मद सल्लाह अलैहे वसलमको जन्म मक्कामा भएको थियो। ५३ वर्ष मक्कामा बिताएपछि मुस्लिम समुदायलाई उच्च स्तरमा ल्याउन मदिना गएका थिए।

इस्लामलाई संसारभरि पूर्णरूपमा व्यवस्थित गरेको सम्झनामा दिवस मनाउन थालिएको हो। मुस्लिम समुदायलाई अग्रस्थानमा पुर्‍याएको सम्झनामा मुस्लिम धर्मावलम्बीहरूले हिजरी संवत्मा पर्ने १२ रब्बी-औवललाई हजरत पैगम्बरको जन्म दिनको रूपमा विश्वभर मनाउने गरेका छन्।